**शहीदहरूप्रति सम्मान गरौं**

- शहीदहरू राष्ट्रिय गौरव हुन्,
- शहीदहरूको बलिदान र योगदानको स्मरण गरौं,
- शहीदहरूप्रति सम्मान र समर्पण व्यक्त गरौं,
- शहीदहरूको सपना पूरा गर्न इमानदार नागरिकको भूमिका निर्वाह गरौं,
- देशप्रेम र एकताको भावना जागृत गराऔं,
- सामाजिक सद्भाव, सहिष्णुता र एकता कायम राखौं,
- देश विकासमा सबै नेपाली एकसाथ जुटौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

**PRATEEK DAILY**

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com




निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।

eprateekdaily.com

❖ वर्ष ३८ ❖ २०८१ माघ १२ गते शनिवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2025 January 25 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १४८

## प्रथम निजगढ महोत्सव शुरू

प्रस, निजगढ, ११ माघ/

प्रथम निजगढ महोत्सव शुक्रवारदेखि शुरू भएको छ। कार्यक्रममा गृहमन्त्री रमेश लेखक प्रतिकूल मौसमले नआएपछि उनले पठाएको शुभकामना सन्देश पढेर सुनाइएको थियो।

महोत्सवको उद्घाटन पूर्व श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री एवं बारा क्षेत्र नं ४ का सांसद कृष्णकुमार श्रेष्ठ र बारा क्षेत्र नं १ का सांसद अच्युत मैनालीले संयुक्तरूपमा गरेका थिए।



तस्वीरः प्रतीक

कार्यक्रममा सांसद श्रेष्ठले महोत्सवको आयोजना गर्नु सराहनीय कार्य भएको बताउँदै सम्पूर्ण मधेस प्रदेशको विकासका लागि आफू अग्रपङ्क्तिमा रहने प्रतिबद्धता व्यक्त गरे। निजगढमा बन्ने भनिएको राष्ट्रिय गौरवको आयोजना निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माणका लागि मधेसका जनप्रतिनिधिहरूले सरकारलाई झकझक्याउनुपर्ने बताए। उनले सङ्कीर्ण मानसिकताले मुलुकको विकासमा बाधा पुग्ने पनि बताए। उनले निर्माणाधीन राष्ट्रिय गौरवको आयोजना द्रुतमार्गसँग निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको नङ र मासुको जस्तो सम्बन्ध रहेको बताए।

त्यस्तै, सांसद मैनालीले महोत्सवले स्थानीय कृषि, पर्यटन तथा स्थानीय उत्पादनलाई संरक्षण एवं प्रवर्द्धन गर्दै कला एवं संस्कृतिको समेत जगेर्ना गर्न मदत पुग्ने बताए।

कार्यक्रममा पूर्वखेलकूदमन्त्री पुरुषोत्तम पौडेलले निजगढलाई देशकै व्यापारिक केन्द्रको रूपमा विकास गर्न सकिने सम्भावना रहेको बताए।

नगरप्रमुख सुरथ पुरीले सरकारले निजगढलाई स्मार्ट सिटीको रूपमा विकास गर्ने भने पनि अहिलेसम्म सो कार्य अघि नबढेको बताए। नेपालको

(बाँकी पाँचौं पातामा)

## मनोज ग्याँसले नष्ट गऱ्यो १२ सय सिलिन्डर



प्रस, वीरगंज, ११ माघ/

मनोज ग्याँस उद्योग प्रालि, परवानीपुरले शनिवार एक कार्यक्रम आयोजना गरी पुराना एक हजार २०१ वटा ग्याँस सिलिन्डर नष्ट गरेको छ। उद्योगले सिलिन्डर नष्ट गर्न जगदम्बा प्रालिमा पठाएको थियो। १४.२ किलो ग्याँस क्षमताका एक हजार २०१ थान सिलिन्डर नष्ट गरिएको हो।

परवानीपुरमा आयोजित कार्यक्रममा वीरगंज महानगर–२१ का वडाध्यक्ष राधाकृष्ण रौनियार, मनोज ग्याँसका सञ्चालक मनोजकुमार दास, गुणस्तर तथा नापतौल कार्यालयका निरीक्षक रामप्रसाद लम्साल, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालयका प्रतिनिधि मधुरेश साह, नेपाल आयल निगमका प्रशासक राकेशप्रसाद साहलगायत सञ्चारकर्मीहरूको सहभागिता थियो।

सञ्चालक दासले उद्योगले प्रत्येक वर्ष पुराना सिलिन्डरहरू नष्ट गर्ने गरेको बताए। उनले दुर्घटनाको जोखिम कम गर्न पनि पुराना सिलिन्डरहरू नष्ट गरिएको बताए।

## तस्करको झगडा, प्रहरी कार्यालयमा पञ्चायती

धर्मेन्द्र चौरसिया, पोखरिया, ११ माघ/

भन्सार चोरी तस्करीमा संलग्न दुई पक्षबीचको विवादमा प्रहरीले शुक्रवार पञ्चायती गराएको छ।




तस्वीरः फाइल

पर्सा जिल्ला, विन्ध्यवासिनी गाउँपालिका अमरपट्टिमा माघ ९ गते भन्सार छली कारोबार गर्ने सन्दीप दास र निरञ्जन भन्ने उत्तम तिवारीबीच झडप भएको थियो। समाचार स्रोतका अनुसार निरञ्जन भन्ने उत्तम तिवारीले सन्दीप दासबाट प्रहरीलाई सेटिङ मिलाउने भनेर रकम लिएका थिए। तर प्रहरीले यसबीचमा सन्दीपबाट रकम नपाएपछि तीनपटक सामान पक्राउ गरेको थियो।

प्रहरीलाई मिलाउन पैसा दिए पनि प्रहरीले सामान पक्रेको भन्दै सन्दीपले तिवारीसँग सोधखोज गरेका थिए। तिवारीले भने आफूले पैसा बाँडिसकेको भन्दै फिर्ता दिन आलटाल गरेका थिए। यसै क्रममा तिवारीले अमरपट्टि भएर लसुन भारत लैजाने क्रममा सन्दीप पक्षले माघ ९ गते बुधवार राति निजको लसुन नियन्त्रणमा लिने प्रयास गरेको थियो। सोही क्रममा दुई पक्षबीच झगडा भएको र प्रहरी चौकी अमरपट्टिले सन्दीप दास, उत्तम तिवारी र दीपक साहलाई पक्राउ गरी इलाका प्रहरी कार्यालय, पोखरिया चलान गरेको थियो।

यही विषयमा शुक्रवार दिनभरि इप्रका, पोखरियामा पञ्चायती बस्यो। पञ्चायतीको फैसला भने थाहा हुन सकेन। तस्करी गर्नेहरूको पञ्चायती प्रहरी चौकीमा भएको कुरालाई लिएर पोखरिया बजारमा चर्चा, परिचर्चा भएको छ। इप्रका, पोखरियाका प्रहरी निरीक्षक स्वरूप शर्माले प्रहरी चौकी अमरपट्टिले आपसी लेनदेनको झगडामा तीनजनालाई पक्राउ गरेको र सो विषयमा इप्रका, पोखरियामा आज छलफल भएको बताए।

पछिल्लो समय अमरपट्टिबाट भन्सार छलीका कारोबार ठूलो परिमाणमा भइरहेको छ। अमरपट्टिसँगै प्रसौनी र ठोरीबाट पनि भन्सार छलीका सामानको कारोबार भइरहेको स्रोतले जनाएको छ। पर्साको सबैभन्दा पुरानो भन्सार छलीको कारोबार हुने भिस्वामा भने केही महीनादेखि सो कारोबार ठप्प छ। लसुन समातिएपछि यहाँबाट प्रहरीले तस्करीको लाइन बन्द गरेको छ र यहाँका तस्करहरूले अन्यत्र नाकाबाट तस्करी शुरू गरेका छन्।

## व्यक्तिविशेषको नाममा रहेका जग्गा अधिग्रहण गर्ने



प्रस, पोखरिया, ११ माघ/

पोखरिया नगरपालिकास्थित नगर विकास समितिले शुक्रवार विभिन्न निर्णय गरेको छ।

बैठकमा रेखाङ्कन तथा प्लट निर्माणको प्रास्तविक खाका (नक्शा) तयार र कित्ताकाट गर्न पोखरिया नगरपालिका–१ मा रहेको सीट नम्बर ११३–०१०१ को कित्ता नं ३०९ भित्र परेका साबिक नापीका कित्ता अन्तर्गत व्यक्तिविशेषको नाममा रहेका जग्गाहरू अधिग्रहण गर्ने प्रस्तावमाथि छलफल भएको थियो।

नगरप्रमुख प्रद्युम्नप्रसाद चौहानको अध्यक्षतामा भएको कार्यक्रममा वडाध्यक्ष प्रमोद गिरी, नगर विकास आयोजना प्रमुख इन्जिनीयर सुमितकुमार यादव, जग्गा एकीकरण उपभोक्ता समितिका अध्यक्ष राजुबाबू गिरी, नगर विकास समितिका सहजकर्ता हरिनारायण मिश्र, मालपोत कार्यालय, पर्साका प्रतिनिधि रामरेखाप्रसाद चौरसिया, नापी कार्यालय पर्साका प्रतिनिधि रामप्रमोद राउत, जग्गाधनी, कार्यालयका कर्मचारीलगायत सरोकारवालाहरूको सहभागिता थियो।

## गढीमाई मन्दिरमा तोडफोड गर्ने तीनजना पक्राउ

प्रस, वीरगंज, ११ माघ/

जिल्ला प्रहरी कार्यालय, बाराले गढीमाई मन्दिरमा माघ १ गते तोडफोड गरेको कसूरमा तीनजनालाई पक्राउ गरेको छ।



तस्वीरः फाइल

माघ १ गते यस वर्षको पञ्चवर्षीय मेलामा भाकल छुटेकाहरूले बोकाको बलि र परेवा उडाएका थिए। सोही क्रममा केही व्यक्तिहरूले परेवा लुट्ने प्रयास गरेका र सोको रोकथाम गर्दा महागढीमाई नपाका नगरप्रहरीमाथि उनीहरू जाइलागेका थिए। उनीहरूले माघ २ गते गढीमाई मन्दिरमा तोडफोड गरी घण्टी, त्रिशूल, पङ्खा, सिसिटिभी, दानपेटिका र मन्दिरको विवाहमण्डपमा तोडफोड गरेको र डियुटीमा रहेका नगरप्रहरीलाई समेत दुर्व्यवहार गरेको कसूरमा पक्राउ गरिएको जिप्रका, बाराका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक प्रकाश सापकोटाले बताए। उनले रौतहट, वृन्दावन नपा–२ बस्ने २३ वर्षीय एजाज अन्सारी, महागढीमाई नपा–१ बस्ने १९ वर्षीय अरमान अन्सारी र सोही ठाउँ निवासी ३६ वर्षीय विद्यासागर पटेललाई पक्राउ गरिएको बताए। उनले अभियुक्तहरूलाई सिसिटिभी फुटेजको आधारमा पक्राउ गरिएको दाबी गरेका छन्। पक्राउ परेकाहरूलाई बारा जिल्ला अदालतबाट म्याद थप गरी थुनामा राखेर थप अनुसन्धान भइरहेको प्रवक्ता सापकोटाले बताए।

गढीमाई मन्दिरमा भएको तोडफोड घटनाको विरोधमा दोषीलाई कारबाई गर्न विभिन्न राजनीतिक दलका प्रतिनिधिहरूले गृहमन्त्रीसमेतलाई ध्यानाकर्षण गराएका थिए।

## स्वास्थ्यमन्त्रीलाई ठक्कर दिने गाडी सिंचाइको



तस्वीरः प्रतीक

प्रस, वीरगंज, ११ माघ/

मधेस प्रदेशका स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री शत्रुघ्नप्रसाद सिंह चढेको गाडीलाई ठक्कर दिने गाडी जलस्रोत तथा सिंचाइ डिभिजन कार्यालय, पर्साको रहेको जनाइएको छ।

सो कार्यालयका प्रमुख माधव देव आफ्नो चालकलाई कार्यालयमा छोडी विगत १० दिनदेखि कार्यालयको स्कारपियो गाडी लिएर बेपत्ता छन्। सो कार्यालयका एकजना कर्मचारीले विगत १५ वर्षदेखि लक्ष्मी पासवान करारमा चालक पदमा कार्यरत छन्। ठक्कर दिने गाडी १० महीनाअगाडि मन्त्रालयले खरीद गरी पठाएको थियो। कार्यालय प्रमुख देव भने कहिले कार्यालयमा नबस्ने, गाडी लिएर बाहिरबाहिर मात्र छन्, ती कर्मचारीले बताए। एकजना कर्मचारीले प्रमुख देवले आफूसँगै ल्याएका एकजना व्यक्तिलाई दैनिक ज्यालादारीमा चालक राखी गाडी लिएर बाहिरै घुमिरहेको बताए। कार्यालयमा चालक रहेको अवस्थामा आफूखुशी चालक राख्नु गलत कार्य भएको ती कर्मचारीले बताए। प्रमुख देवले ल्याएका चालक अहिले प्रहरी नियन्त्रणमा छन्।

जनकपुरको रामानन्द चोकमा सोमवार राति मन्त्रीको गाडी र प्रमुख देवका गाडी एकापसमा ठोक्किएर दुर्घटना भएको र दुवै गाडीमा क्षति पुगेको प्रहरी नायब उपरीक्षक वरुण सिंहले बताए।

**विचारसार र सूक्तिहरू**

**यात्रा गर कसैलाई नभन, प्रेमकथाले भरिएको जीवन बाँच कसैलाई नभन, आनन्दपूर्वक बाँच र कसैलाई नभन, मानिसहरू राम्रो कुरा नाश गर्न खोज्छन् ।**

**खलील जिब्रान**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com

# बल्झिंदो सुकुमबासी समस्या

**हाम्रो मुलुकमा सुकुमबासी समस्या समाधानका नाममा पटकपटक भूमिसम्बन्धी आयोग गठन गरिए पनि यो समस्या झनै जटिल बन्दै गएको छ । २०४६ सालको राजनीतिक परिवर्तनपछि विभिन्न सरकारहरूले सुकुमबासी समस्या समाधानको नाममा आयोगहरू बनाउँदै आए । तर ती आयोगहरूको प्राथमिकता सुकुमबासीको समस्या समाधानभन्दा पनि राजनीतिक स्वार्थपूर्तिमा केन्द्रित देखियो । राजनीतिक नियुक्ति र आयोग परिवर्तनको खेलले सुकुमबासीको समस्या निको हुनुभन्दा पनि झन् बल्झिएको छ । सुकुमबासी समस्या समाधानको मुख्य जिम्मेवारी वहन गर्ने आयोगहरू सरकार परिवर्तनसँगै विघटन हुने प्रचलनले समस्या जटिल बनाएको हो । अघिल्लो आयोगले तयार गरेको कागजात पछिल्लो आयोगलाई हस्तान्तरण नहुने, हराउने, नयाँ आयोगले पुराना कागजात कथं फेला पारे पनि त्यसलाई अमान्य घोषणा गर्ने वा बेवास्ता गर्ने प्रवृत्ति छ। यसले समस्या समाधान हुनेभन्दा पनि अन्योल थप्दै र जटिल बनाउँदै लगिरहेको छ ।**

**भूमिसम्बन्धी आयोगहरूमा राजनीतिक दलहरूको स्वार्थ हाबी हुने गरेको छ । राजनीतिक नियुक्तिका आधारमा बनेका आयोगहरूले वास्तविक समस्या समाधान गर्नुभन्दा पनि दलका कार्यकर्ताहरूलाई खुशी पार्ने नीति अख्तियार गर्न तल्लीन रहन्छन् । एक सरकारको पालामा गठन भएका आयोगहरूले गरेका कामकारबाहीलाई अर्को सरकार वा आयोगले निरन्तरता नदिने प्रवृत्ति समस्याको मुख्य कारण हो । सुकुमबासीहरूको समस्या समाधानको प्रक्रिया अत्यन्त जटिल, ढिलो र अपारदर्शी छ। यसले सुकुमबासीहरू प्रक्रियामा अनावश्यक खर्च गर्न, राजनीतिक दल र नेताहरूको पछि लाग्न बाध्य छन् । सुकुमबासी र अव्यवस्थित बसोबासीका वास्तविक लाभग्राही पहिचानमा आयोगहरू असफल छन् । कतिपय अवस्थामा ठूला भूमाफिया र शक्तिशाली समूहले सुकुमबासीको नाममा सरकारी भूमिको दोहन गरेका घटना उजागर भएका छन् ।**

**सुकुमबासी तथा अव्यवस्थित बसोबासीको समस्या समाधान गर्ने नै हो भने दीर्घकालीन र व्यवस्थित नीति आवश्यक छ। भूमिसम्बन्धी समस्या समाधानका लागि एक स्थायी र स्वायत्त भूमि आयोग गठन गर्नुपर्छ । आयोगलाई कुनै राजनीतिक दलको नियन्त्रणभन्दा बाहिर राखेर स्वतन्त्ररूपमा काम गर्ने अधिकार दिनुपर्छ। नापी तथा मालपोतलाई नै यो अधिकार दिंदा पनि फरक पर्दैन तर त्यहाँ पारदर्शिता र निष्पक्ष अनुगमन हुनुपर्छ । वास्तविक सुकुमबासीहरूको पहिचानका लागि प्रविधिको प्रयोग गर्दै बायोमेट्रिक प्रणालीमार्फत तथ्याङ्क सङ्कलन र अनुगमन गर्नुपर्छ। यसले वास्तविक लाभग्राही र भूमाफिया छुट्याउने कामलाई सहज बनाउनेछ । भूमिलाई वैज्ञानिकरूपमा वर्गीकरण गरेर सुकुमबासीहरूलाई पुनर्वासका लागि उपयुक्त स्थानको व्यवस्था गर्नुपर्छ। पुनर्वास योजनालाई दिगो बनाउन कृषि, शिक्षा, स्वास्थ्य र रोजगारका कार्यक्रमसमेत समेट्न सक्नुपर्छ । मुख्यतः भूमि आयोगहरूमा राजनीतिक नियुक्ति र हस्तक्षेप बन्द गर्नुपर्छ। आयोगका पदाधिकारीहरूलाई दक्षता, इमानदारी र निष्पक्षताको आधारमा नियुक्त गर्नुपर्छ। सरकारले भूमि व्यवस्थापन र भूमिसुधारका लागि नीति मात्र घोषणा गरेर समय र बजेट सकाउनुभन्दा त्यसको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्नेतर्फ लाग्नुपर्छ। समस्या समाधानका लागि भूमिहीन पक्षको प्रत्यक्ष सहभागितामा [redacted] न गरिनु जरुरी छ ।**

# युवाको इच्छा, रोजगारमुखी शिक्षा

**स्वतन्त्र विचार**



**भरत सहनी**

bharat.sahani09@gmail.com

**औद्योगिक प्रशिक्षार्थी कार्यक्रमलाई प्रभावकारी बनाउन मौजुदा प्रि–डिप्लोमा तहको पाठ्यक्रमलाई विस्थापन गरी डिप्लोमा तहको रूपमा सञ्चालन तथा बजार मागको आधारमा मौजुदा पाठ्यक्रमलाई अद्यावधिक गरी सोहीबमोजिमको सीप हस्तान्तरण गर्दा सीपयुक्त जनशक्तिको विकास तथा रोजगार प्रवर्द्धनमा सहयोग पुग्ने देखिन्छ ।**

नेपालमा पहिलोपटक सन् १९३० मा कुमारीचोक, काठमाडौंमा प्राविधिक शिक्षालयको स्थापना भई यसको विधिवत् सुरुआत भएको देखिन्छ। त्यसको करीब ५९ वर्षपछि, मध्यमस्तरको प्राविधिक जनशक्ति उत्पादन गर्ने उद्देश्यले विसं २०४५ मा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (सिटिइभिटी)को स्थापना भयो। त्यसपछि यसै संस्थामार्फत प्राविधिक शिक्षाको व्यवस्थापन हुँदै आएको छ। हाल नेपालमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम प्रदायक संस्थाहरू एक हजार ५९१ वटा छन्। देशमा प्राविधिक शिक्षा प्रदान गर्ने संस्थाको वितरण समान देखिएको छैन। ७५३ स्थानीय तहहरूमध्ये ६३३ मा कम्तीमा पनि एक प्राविधिक धारको विद्यालय वा सिटिइभिटीका कार्यक्रमहरू छन् भने १२० स्थानीय तहहरूमा यस प्रकारको प्राविधिक शिक्षा पुग्न सकेको छैन । प्राविधिक शिक्षा अन्तर्गत पढाइ हुने ६४ कार्यक्रममध्ये ३२ कार्यक्रम तीन वर्षे डिप्लोमा तहका, २६ कार्यक्रम प्रि–डिप्लोमा तहका र छ कार्यक्रम विद्यालय तहका प्राविधिक धारका छन् । व्यावसायिक तालीमतर्फ ३११ विषयमा छोटो अवधिको तालीम दिई सीप परीक्षण गर्ने व्यवस्था छ ।

प्राविधिक शिक्षाभित्र औपचारिक तथा अनौपचारिक दुवै शिक्षा समावेश भएका हुन्छन्। यसले आवश्यक ज्ञान र सीपका साथै मानिसलाई काम गर्न तयार पार्छ । उन्नत जनशक्तिको विकासलाई बढावा दिन्छ। व्यक्तिलाई सीपयुक्त बनाइ विभिन्न क्षेत्रमा उद्यम तथा व्यवसायको स्थापना, सञ्चालन तथा प्रवर्द्धन गर्न सक्षम बनाउँछ । सेवा तथा सामान उत्पादकबीच प्रतिस्पर्धा बढाइ नयाँ प्रविधि अन्वेषण गर्न सघाउ पुऱ्याउँछ। सामाजिक समानता, समावेशीकरण र दिगो विकासका लागि महत्त्वपूर्ण भूमिका खेल्छ। यसले देशको उत्पादकत्व बढाउँछ, व्यक्तिलाई आत्मनिर्भर बन्न र उद्यमशीलतालाई अभिप्रेरित गर्छ । समग्रमा देश विकासमा सहायक भूमिका खेल्छ । यही तथ्यलाई मध्यनजर गरी सन् १९३० देखि नै नेपालमा प्राविधिक शिक्षा सञ्चालन हुँदै आएको छ ।

प्राविधिक शिक्षामा विद्यार्थीले पढाइ पूरा गर्ने दर कमजोर छ। २०७४ सालमा प्रि–डिप्लोमा पढाइ पूरा गर्ने दर ३८ प्रतिशत र डिप्लोमा पूरा गर्नेको दर ५२ प्रतिशत मात्र थियो । डिप्लोमा तहमा भर्ना भएका विद्यार्थीको टिकाउ दर ५९ प्रतिशत र विद्यालय तहको प्राविधिक धारमा विद्यार्थी टिकाउ दर ५८ प्रतिशत मात्र थियो । यी समस्या समाधान गर्न विद्यार्थीलाई उद्योगमा काम गर्न तयार पार्ने उद्देश्यका साथ पाठ्यक्रमको पुनरावलोकन जरुरी छ । विद्यार्थीको व्यावहारिक ज्ञानलाई ध्यान दिएर शिक्षण विधि परिमार्जन गर्ने र पढाइ पूरा भएपश्चात् उद्योग तथा व्यावसायिक प्रतिष्ठानमा जागीर पाउन योग्य जनशक्ति बनाउने व्यवस्था गर्नुपर्छ । यसबाट विद्यार्थीमा जागीरको आस बढ्ने र टिकाउ दर तथा पढाइ पूरा गर्ने दर पनि बढ्न मदत पुग्छ ।

नेपालको प्राविधिक शिक्षाले आपूर्ति पक्षमा बढी जोड दिएको देखिन्छ, बजारको मागलाई पर्याप्त ध्यान दिएको छैन। बजारको मागअनुरूपका पाठ्यक्रम नहुँदा यस कार्यक्रममा विद्यार्थी भर्नादर घट्दै गएर विद्यालय तहको प्राविधिक धारमा कुल क्षमताको २९ प्रतिशत, तीन वर्षे डिप्लोमामा कुल क्षमताको ५२ प्रतिशत र १८ महीने प्राविधिक तालीममा कुल क्षमताको १९ प्रतिशत मात्र विद्यार्थी भर्ना भएका छन्। २०७८ सालमा कुल भर्ना क्षमताको ५१ प्रतिशत मात्रै भर्ना भएको तथ्याङ्कले देखाउँछ । यस समस्याको समाधान गर्न सिटिइभिटीले बजार मागलाई ध्यानमा राखी माग र आपूर्तिबीच सन्तुलन हुनेगरी पाठ्यक्रमलाई पुनरावलोकन गर्नु आवश्यक छ। बजारको माग विश्लेषण गरी मागमा आधारित कार्यक्रम बनाउने, विद्यार्थीलाई सिकाइ र कमाइ सँगसँगै हुने कार्यक्रमको व्यवस्थापन गर्ने, अर्धप्रशिक्षित कार्यबलका सीपअन्तर पहिचान गर्ने, पाठ्यक्रममा छुटेका विषय पढाउन नयाँ पाठ्यक्रम विकास गर्ने जस्ता सुधारका कार्य गर्न आवश्यक छ।

शुरूको अवस्थामा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीमप्रति युवाहरूको आकर्षण बढ्दो रहेकोमा हालका दिनमा बिस्तारै घट्दो क्रममा रहेको छ। यसको मुख्य कारणमा गुणस्तरीय शिक्षासँगै रोजगारको सुनिश्चितता नहुनु हो । गुणस्तरीय प्राविधिक शिक्षासँगै रोजगारको सुनिश्चितताका लागि बजार मागअनुरूपको दक्ष जनशक्ति उत्पादन, समयसापेक्ष पाठ्यक्रमको विकास तथा परिमार्जन, कम सैद्धान्तिक र बढी व्यावहारिक कक्षा सञ्चालन, उद्योग तथा व्यावसायिक प्रतिष्ठानमा इन्टर्नशिपको व्यवस्था, छात्रवृत्ति तथा प्रोत्साहन रकमको व्यवस्थालगायतका कुराहरूमा ध्यान दिनु जरुरी छ। यसका लागि नेपाल सरकारले प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम क्षेत्रमा निजी क्षेत्रको संलग्नताको सुनिश्चितता गर्दै औद्योगिक प्रशिक्षार्थी ( अप्रेन्टिशीप) कार्यक्रम सञ्चालन गर्न नितान्त आवश्यक छ।

नेपालको सन्दर्भमा कुरा गर्दा सन् १९६३ देखि नै औद्योगिक प्रशिक्षार्थी कार्यक्रमको थालनी भएको देखिन्छ । तानसेन मिसन अस्पताल निर्माणका लागि युनाइटेड मिसन टु नेपाल (युएमएन)ले नर्वेजियाली इन्जिनीयर ओड होफ्टुनलाई खटाएको थियो । अस्पताल निर्माणको क्रममा स्थानीय दक्ष जनशक्ति फेला पार्न नसकेपछि उनले बुटवल टेक्निकल इन्स्टिच्यूट (बिटिआई)लाई अप्रेन्टिशिप प्रशिक्षण केन्द्रको रूपमा स्थापना गर्न पहल गरे। उनको पहलपश्चात् सन् १९६३ मा नेपाल सरकार र युएमएनबीच भएको सम्झौता अनुसार युनाइटेड मिसन टु नेपालको एक परियोजनाका रूपमा बिटिआई स्थापना भएको हो। बिटिआईले औद्योगिक प्रशिक्षार्थी कार्यक्रममार्फत उत्पादन गरेका दक्ष जनशक्तिलाई विगतमा देश तथा विदेशसम्म रोजगारको अवसर सृजना गरेको थियो र वर्तमानमा पनि यसलाई निरन्तरता दिंदै आएको छ।

सामान्यतया प्रि–डिप्लोमा तह १८ महीना अवधिको हुन्छ । सिटिइभिटीले हालसम्म प्रि–डिप्लोमा तह अन्तर्गत २६ कार्यक्रम समावेश गरेको छ । यस २६ कार्यक्रममध्ये आठवटा कार्यक्रमलाई औद्योगिक प्रशिक्षार्थी कार्यक्रमको रूपमा पनि सञ्चालन गर्दै आएको छ र औद्योगिक प्रशिक्षार्थी कार्यक्रमको अवधि २४ महीना कायम गरिएको छ । प्रि–डिप्लोमा तहको २४ महिने औद्योगिक प्रशिक्षार्थी कार्यक्रम अन्तर्गत इलेक्ट्रिकल इन्जिनीयरिङ, मेकानिकल इन्जिनीयरिङ, अटोमोबाइल इन्जिनीयरिङ, सूचना प्रविधि, होटेल व्यवस्थापन, बिल्डिङ कन्स्ट्रक्शन, पूर्व बालविकास सहजकर्ता र चिया प्रविधि जस्ता विषयहरू समावेश गरिएका छन्। नेपाल सरकारले स्वीट्जरल्यान्ड सरकारको सहयोगमा दिगो तथा सम्मानित रोजगारका लागि सीप परियोजना अन्तर्गत औद्योगिक प्रशिक्षार्थी कार्यक्रमलाई सन् २०१६ देखि नै सञ्चालन गर्दै आएको छ। शुरूमा यो परियोजना सघन कार्यक्रमका रूपमा कोशी, बाग्मती र लुम्बिनी प्रदेशमा सञ्चालन हुँदै आएको थियो भने कार्यक्रमको प्रभावकारितालाई ध्यानमा राखी यस कार्यक्रमलाई आव २०८१/८२ देखि देशका सातवटै प्रदेशमा विस्तार गरिएको छ ।

औद्योगिक प्रशिक्षार्थी कार्यक्रमको अवधि २४ महीनाको रहेको छ । यस कार्यक्रममा एसएलसी/एसइईमा सामेल भएका युवाहरूले भाग लिन पाउने प्रावधान छ। यस प्रावधानबाट एसइईमा अनुत्तीर्ण हुने विद्यार्थीहरूलाई ठूलो मदत पुगेको छ । प्रशिक्षार्थीको नियमित तथा गुणस्तरीय सिकाइ शिक्षालय तथा उद्योग/व्यावसायिक प्रतिष्ठानमा गर्ने प्रावधान रहेको छ । शुरूको साढे तीन महीना तथा अन्तिमको एक महीना गरी जम्मा साढे चार महीना शिक्षालयमा आधारित सैद्धान्तिक तथा व्यावहारिक कक्षा र बीचको १९.५ महीना उद्योगमा आधारित व्यावहारिक कक्षा सञ्चालन हुने गर्छ। प्रशिक्षार्थीले सम्बन्धित उद्योगको दक्ष प्राविधिकको निगरानीमा व्यावहारिक कक्षा लिंदै उत्पादकत्वमा समेत योगदान पुऱ्याउने गर्छ । उद्योगमा सिकिरहँदा हप्ताको एक दिन प्रशिक्षार्थीहरू शिक्षालयमा फर्केर सिक्ने गर्छन् । प्रशिक्षार्थीहरू प्राविधिक शिक्षालय तथा उद्योग दुवैतिर सिक्ने भएकाले उनीहरूको दिगो सिकाइमा ठूलो मदत पुग्छ। सिकाइ अवधिमा प्रशिक्षार्थीले दैनिक एक सय शिक्षालयबाट पाउने, मासिकरूपमा सरकारले तोकेको न्यूनतम तलबको २५ प्रतिशत रकम प्रोत्साहनस्वरूप उद्योगबाट पाउने र तालीमपश्चात् प्रि–डिप्लोमा तहको प्रमाणपत्रसमेत पाउने भएकाले यस कार्यक्रमप्रति युवाहरूको आकर्षण बढ्दो छ । चालू आव २०८१/८२ मा मधेस प्रदेशका लागि १४० वटा कोटा तय गरिएकामा ३७० जना युवाले आवेदन दिएको तथ्याङ्कबाट यस कार्यक्रमप्रति युवाहरूको आकर्षण कतिको छ, प्रमाणित हुन्छ । यस चालू आर्थिक वर्षमा सातै प्रदेशमा दुई हजार २०० भन्दा बढी युवा अप्रेन्टिशिप कार्यक्रममा सहभागी भइरहेका छन् ।


शुरूदेखि अहिलेसम्म सिटिइभिटी अन्तर्गतका आङ्गिक, साझेदारी र सामुदायिक विद्यालयमा आधारित प्राविधिक शिक्षालयहरूले मात्रै औद्योगिक प्रशिक्षार्थी कार्यक्रम सञ्चालन हुँदै आएकोले अब उप्रान्त निजी क्षेत्रका सुविधासम्पन्न प्राविधिक शिक्षालयहरूलाई पनि समेट्नु आवश्यक छ । यस कार्यक्रममा विद्यालय छाड्ने दर (करीब २५ प्रतिशत) उच्च रहेको तथ्याङ्कले देखाउँछ र यसमा सबैभन्दा बढी प्रवेश परीक्षामा उत्तीर्ण भई तालीमका लागि नाम दर्ता भई अर्को अवसर पाएर शिक्षालय छाड्ने विद्यार्थीहरूको सङ्ख्या बढी देखिन्छ । तसर्थ प्रवेश परीक्षा र विद्यार्थी दर्ता (रजिस्ट्रेशन)बीचको समयमा थोरै अन्तर हुनु आवश्यक छ। यसका साथै विद्यालय छाड्ने दरमा कमी ल्याउन आवश्यकता अनुसार उत्प्रेरणात्मक कक्षा प्रदान गर्नु जरुरी छ। यस कार्यक्रममा अनुत्तीर्ण दर अलिक बढी देखिएकोले सोको न्यूनीकरणका लागि प्रशिक्षण तथा परीक्षा प्रणालीमा सुधार गर्नु जरुरी छ। हाल सैद्धान्तिक परीक्षाको प्राप्ताङ्कलाई मात्रै आधार मानी नतीजा प्रकाशन हुँदै आएकोले आगामी दिनमा व्यावहारिक परीक्षाको प्राप्ताङ्कको आधारमा नतीजा प्रकाशन गर्नु नितान्त आवश्यक छ । औद्योगिक प्रशिक्षार्थी कार्यक्रमलाई प्रभावकारी बनाउन मौजुदा प्रि–डिप्लोमा तहको पाठ्यक्रमलाई विस्थापन गरी डिप्लोमा तहको रूपमा सञ्चालन तथा बजार मागको आधारमा मौजुदा पाठ्यक्रमलाई अद्यावधिक गरी सोहीबमोजिमको सीप हस्तान्तरण गर्दा सीपयुक्त जनशक्तिको विकास तथा रोजगार प्रवर्द्धनमा सहयोग पुग्ने देखिन्छ।

# ‘मिसिङः केटी हराएको सूचना’ प्रदर्शनमा

काठमाडौं, ११ माघ/रासस

आजदेखि चलचित्र ‘मिसिङः केटी हराएको सूचना’को सार्वजनिक प्रदर्शन शुरू भएको छ। यस अगाडिका शुक्रवार दुई नेपाली चलचित्र प्रदर्शनमा आए पनि आज भने एकमात्र चलचित्र प्रदर्शन भएको हो।

यसको निर्माण कम्पनी ट्राइ सिटी पिक्चर्सले नेपालभरका चलचित्र भवनमा चलचित्र प्रदर्शन भएको जानकारी दिएको छ । पहाडी समुदायकी केटी र मधेसी समुदायको केटा सामाजिक सञ्जालमार्फत भेट भएपछि निम्तिने घटनाक्रमलाई चलचित्रमा देखाइएको निर्देशक दीपेन्द्र गौचनले बताए ।




उनले भने, “तराईको सौन्दर्य र यसको समृद्ध सांस्कृतिक विविधतालाई समेटेर तयार गरिएको चलचित्रले मिथिला भाषालाई पनि समेटेको छ, पहाडी र हिमाली क्षेत्रका धेरै कथा पर्दामा आए पनि मधेसका कमै आएका छन्, हामीले प्रयोग गरेको स्थानीय मैथिली भाषा शहरिया दर्शकका लागि फरक हुनेछ, जसरी उजेलीको चर्चा हुन्छ, त्यसरी नै केटी हराएको सूचनालाई पनि आउँदा धेरै वर्षसम्म सम्झिरहने गरी बनाउने कोशिश गरेको छु।”

वृत्तचित्र ‘उजेली’, ‘हाम्रो मुमिन’लगायत निर्देशन गरेर परिचित भएका निर्देशक गौचनले नेपाली चलचित्रमा कमै देखिने मधेसको कथालाई विषय बनाउनुका साथै मैथिली भाषाको प्रयोग गरेका छन् । “भौगोलिक सांस्कृतिक विविधता र दुई फरक

(बाँकी पाँचौं पातामा)


सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

वाटिका



# आफ्नै मानिसहरूका साथमा

स्वान्त सुखाय:



सञ्जय साह मित्र

mitrasanjay41@gmail.com

कार्यक्रमका लागि निम्ताहरू आउँदा जाउँ कि नजाउँ भन्ने दोधार उत्पन्न हुन्छ। अझ भारत बिहारको कुनै ठाउँबाट साहित्यिक कार्यक्रमको निम्तो आउँदा यो दोधारको मात्रा अलिक बढी हुन्छ। कार्यक्रम भने प्राय: आइतवार हुने र आफूलाई फुर्सद शनिवार मात्र हुने। यता र उताको सरकारी बिदाको दिन मिलाउन कुनै चाडपर्व नै चाहिन्छ। यस्ता चाडपर्वको समयमा फेरि घरबाट फुर्सद लिएर निस्कन सजिलो हुँदैन।

यसपटक निकै आग्रहपूर्ण निमन्त्रण आयो। कार्यक्रम वैशाली जिल्लामा थियो। वैशाली यस कारण पनि मेरो लागि आकर्षणको केन्द्र रहेको छ कि बज्जिका भाषाको जन्मस्थल यही मानिन्छ। विश्वको पहिलो गणतन्त्र मानिएको वैशाली भगवान् महावीरको जन्मस्थल पनि हो। वाल्मीकिरचित रामायणमा लक्ष्मणसहित राम आफ्ना गुरु विश्वामित्रका साथ जनकपुर जाने क्रममा एकरात राजा सुमतिको दरबारमा बिताएका थिए जुन ठाउँ यहीं छ। भगवान् बुद्ध र आम्रपालीको संवाद भएको ठाउँ पनि वैशाली नै हो। ऐतिहासिक, सांस्कृतिक तथा पौराणिक दृष्टिकोणले महत्त्वपूर्ण वैशाली पुग्न त्यसैले लालायित हुन्छु। यस्तै बेला बज्जिका भाषाको क्षेत्रमा निरन्तर लागिरहेका केही मानिसले एकपटक वैशाली डुलाइदिन भनिरहेका छन्। निमन्त्रण मान्ने र डुल्ने-डुलाउने काम पनि हुने, एक पन्थ दुई काज बनेको थियो छजनाबीच।

निमन्त्रण आएको थियो बज्जिका मन्दाकिनी भन्ने ह्वाट्सअप पेजको तर्फबाट। टोलीको नेतृत्व मैले गर्नुपरेको थियो। पुग्नु थियो वैशाली जिल्लाको गोविन्दपुरस्थित दुर्गा मन्दिर, बज्जिका महोत्सवमा। कार्यक्रमको लागि जारी पोस्टरमा हामी छजनाको नाम र फोटो छापिएको थियो। अति विशिष्ट अतिथि म थिएँ, विनापदको मान्छे। एकजना थिए, बज्जिका भाषा विकास परिषद् नेपालका संस्थापक अध्यक्ष तथा नेपालमा बज्जिका भाषाको नाममा कार्यक्रम गर्ने पहिलो व्यक्ति शिवचन्द्र साह। अर्का एकजना बज्जिका साहित्यकार तथा चिन्तक बिन्दा साहनी। अर्का थिए मेरा सदाका सारथि, बज्जिका साहित्य सङ्गम रौतहटका अध्यक्ष किशुनदयाल श्रीकृष्ण। यसैगरी अर्का थिए बज्जिका साहित्य समाज सर्लाहीका अध्यक्ष रामचन्द्र महतो कुशवाहा। अनि छैटौं व्यक्ति थिए बज्जिका पत्रकार देवेन्द्र चौधरी। कार्यक्रमबारे मैले जानकारी पाउनासाथ जसजसलाई भनें, एक वचनमा सब तयार भए। प्रश्न र प्रतिप्रश्न गरे केवल श्रीकृष्णले गरे।

कार्यक्रम हुने दिनभन्दा अघिल्लो दिन निस्कने सल्लाह भयो। निर्धारित समयमा मेरो घरमा गाडी पुग्छ र बिहानको पौने सात बजे निस्कन्छौं किनभने भनिएको छ सात बजे चिया खानु छ शिवचन्द्र साहकहाँ। मेरो घरमा गाडी आउँदा यहीं आइपुगेका छन् देवेन्द्र चौधरी। श्रीकृष्णले गाडी लिएरै आएका छन्। कार्यक्रममा जानका लागि रामचन्द्र मेरो निवासमा अघिल्लो दिन नै आइपुगेका छन्।

अत्यधिक कुहिरो लागेको कारण हामी चढेको स्कारपिओले अपेक्षित गति लिन सकेको छैन। जब बैरगनियाभन्दा अलिकति पूर्व निस्कन्छौं तब श्रीकृष्णले थाम्न सक्दैनन् अनि शुरू हुन्छ वमन। अझ ढिलो हुने नै भयो।

देकुली धामको दर्शन गर्छौं शिवहरमा। अनि त्यहीं सुन्दछौं-द्रोपदी चीरहरणस्थल यहीं छ भनेर। यहाँको शिवमन्दिरको इतिहासबारे पनि जानकारी लिन्छौं। महाभारतकालीन मन्दिर भएको जानकारी प्राप्त हुन्छ। महाभारतसित जोडिएको अर्को घटना भएको थियो चीरहरण। किंबदन्ती र स्थानीयहरूसित केही थप जानकारी प्राप्त गर्दछौं। यहाँ धेरै अलमल गर्दैनौं। बागमती नदीको किनारमा रहेको यो बजारलाई बाईबाई गर्दै अगाडि बढ्दछौं। भोक लागिसकेको छ तर खाना खाने ठाउँ पाउँदैनौं। श्रीकृष्णले धेरैपटक वमन गरेको कारण जहाँ खाना पाइन्छ खाइहाल्न सर्वसम्मत बनेको छ। यस यात्रालाई खानाको दृष्टिकोणले असफल नै मान्नुपर्छ। कहीं कतै चित्तबुझ्दो खाना पाइएन, दुई दिन नै।

एउटा सामान्य होटलमा खाना खाएर अगाडि बढ्दछौं। मुजफ्फरपुरलाई बायाँतिर छाड्दै यात्रा अगाढि बढ्दछ वैशालीतिर। वैशाली नजीक पुगिसकेपछि भगवान् महावीरको जन्मस्थल आउँछ। त्यहाँ दर्शन गर्दछौं। त्यहीं बाहिर चिया खान्छौं। चिया पसले बज्जिका भाषाका प्रेमी रहेछन्। अलिक छलफल हुन्छ। त्यहाँबाट अगाडि बढ्दै सबैभन्दा पहिले पुग्छौं त्यो ठाउँ जहाा राम, लक्ष्मण आफ्ना गुरु विश्वामित्रसित जनकपुर जाने क्रममा राजा सुमतिको दरबारमा बसेका थिए। वाल्मीकि रामायणमा यो प्रसङ्ग पाइन्छ। त्यस दरबारको अवशेष अझै छ। उनका पूर्वज राजा विशालको दरबारको भग्नावशेषलाई सरकारले सुरक्षित राखेको छ। त्यसको अवलोकनपछि पुष्करणी पोखरीको दर्शन गर्दछौं। विश्वको पहिलो गणतन्त्र भनेर जानिने बज्जी सङ्घ वा लिच्छवि सङ्घको राजधानी वैशालीको यही पुष्करणीमा अभिषेक हुन्थ्यो। अत्यन्त चर्चित यस स्थानपछि लाग्छौं त्यहाँ जहाँ भगवान् गौतमबुद्धको भेट विश्वसुन्दरी आम्रपालीसित भएको थियो। उक्त स्थानमा अहिले पनि अशोक स्तम्भ रहेको छ। अशोक स्तम्भ वरपर सयौं बौद्धमार्गीहरू छन् विभिन्न देशका। यहाँ पस्नको लागि लाग्ने टिकटको मूल्य अहिले बढेको रहेछ। त्यहाँबाट निस्केपछि अब हतार भइसकेको छ हाजीपुर पुग्नको लागि। हाजीपुर अझै करीब चालीस किलोमिटर टाढा छ र अब श्रीकृष्णलाई खाना नखाई भएको छैन। उनी सूर्यास्त पछि भोजन नगर्दा रहेछन्।

अगाडि बढ्दै जाँदा बाटोमा एउटा बजार आउँछ-लालगंज। बोर्डमा यो पढ्नासाथ सम्झना हुन्छ, साधना कृष्णाको। साधना कृष्ण हुन् चर्चित साहित्यकार। हिन्दी र बज्जिका भाषामा लेख्ने यी महिला साहित्यकारको घर यहीं छ भन्ने मलाई निश्चित छ। फोन लगाउँछु, तुरुन्त सम्पर्क हुन्छ। सम्पर्क हुनासाथ भन्छु म लालगंजमा छु र हाजीपुरतिर गइरहेको छ। उनी भन्छिन् -आउनुस्, म बाटोमा निस्किइसकें। नभन्दै बाटोमा थिइन्। हामी उनीसितै जान्छौं उनको घर। एक साहित्यकारको घरमा हामी आधा दर्जन मानिसहरू पुग्दा जस्तो स्वागत हुन्छ, त्यो शब्दमा वर्णन गर्न सजिलो छैन। एक साहित्यकारसित अर्को साहित्यकारको जुन अघोषित नाता हुन्छ, जुन प्रेम हुन्छ त्यो हामी बेहोर्दछौं। धन्य हुन्छौं हामी स्वागतले।

त्यहाँ परिचयको सामान्य औपचारिकता पूरा हुन्छ। साधना कृष्णाको यस भनाइले मेरो गर्वले छाती फुल्छ- हिन्दीमा म तीस वर्षदेखि लेखिरहेकी छु तर बज्जिका भाषामा भने सञ्जय साह 'मित्र'को प्रेरणाले लेख्न थालेकी हुँ।

सयौं किलोमिटर टाढासम्म मेरो प्रेरणा पुगेको रहेछ। मेरो अन्तर्हृदयमा एउटा ठूलो सन्तोष आर्जनको आभास हुन्छ। म हेटौंडा रहँदा सयौं मानिसको रचना छापेको छु। गत दुई दशकमा रौतहटमा पनि धेरै साहित्यकार जन्माएको छु। सँगै रहेका साहित्यकार बिन्दा सहनीको भनाइ पनि यहीं छ। एकपटक मनमा जुन शान्ति, सन्तोष र गर्वको त्रिवेणी उत्पन्न हुन्छ, त्यसमा डुबुल्की मारेको पाउँछु। अनुहारमा मुस्कान त छ तर आँखामा भने पानीको एउटा मसिनो डोरो पनि अनुभव गर्दछु। एक नजर सबैतिर पुऱ्याउँछु, मनमा घमण्ड नहोस्, लाग्दछ कि सबैमा कुनै न कुनै रूपमा मेरो प्रभाव छ। फेरि मनमा तुरुन्त उब्जन्छ, मनमा पाप आउन

(बाँकी पाँचौं पातामा)




भारत बिहारको वैशाली जिल्लामा रहेको राजा विशालको दरबारको अवशेष र पुष्करणी पोखरी। तस्वीर: लेखक

# प्रजातान्त्रिक स्रष्टाहरू

## (लक्ष्मीप्रसाद र श्यामप्रसाद)

इतिहास



सुशील मुडभरी

लक्ष्मीप्रसाद देवकोटा र श्यामप्रसाद शर्मा लामिछाने नेपालका प्रजातान्त्रिक बौद्धिक क्षेत्रका चर्चित व्यक्तित्व हुन्। उमेरका हिसाबले दुवैमध्ये देवकोटा पाको उमरका, कृतिका हिसाबले अगुवा भए पनि त्याग, विद्वता र स्वतन्त्रता सङ्ग्रामका मामिलामा दुवैको भूमिका गहन छ। क्षेत्राधिकारमा केही फरक देखिए पनि दुवैलाई एकै तराजूमा राखेर चित्रण गर्नु अस्वाभाविक देखिंदैन।

१९८७ सालमा पुस्तकालय खोल्न जमर्को गर्दा जनता उक्साउन, वितण्डा मचाउन खोलेको भनी पुस्तकालय सील गरिदिएको र देवकोटालगायत सबै पदाधिकारीले दण्ड जरीबाना भोग्नुपरेको थियो। उक्त समयदेखि नै राणा तानाशाही सरकारप्रति उहाँको विरोध शुरू हुन गई हृदयमा क्रान्तिको ज्वाला सल्किरहेको थियो। त्यो ज्वाला देवकोटाले लेख र कविताबाट प्रदर्शित गरिरहनुहुन्थ्यो। कहिले मुनामदनजस्तो सरल स्तरीय झ्याउरे काव्य दिएर जनजनको प्यारो बन्नुहुन्थ्यो भने कहिले म काठे कन्दने, कात्तिके बाहुन होइन, घरको राजा हुँ झोपडी नै भए पनि जस्ता कविता लेखेर विद्रोहको स्वर निकाल्नुहुन्थ्यो। कहिले यात्री जस्तो कविता लेखेर भगवान् तिम्रै हृदय मन मन्दिरमैं विराजमान हुनुहुन्छ, किन मठ मन्दिरको मूर्तिमा भगवान् खोज्न टाढा-टाढा तीर्थ धाउँछौं लेख्नुहुन्थ्यो। यसरी उहाँ लेखनबाट तानाशाह, सामन्त र अन्धविश्वासप्रति व्यङ्ग्य कस्नुहुन्थ्यो।

श्यामप्रसादजी पनि बाल्यकालदेखि नै निडर र हक्की स्वभावका हुनुहुन्थ्यो। १९९७ सालमा दशरथ चन्दलगायतलाई मृत्युदण्ड दिएपछि मानिसहरू डर र त्रासले आक्रान्त भएको देख्नुभएको थियो। त्यसै ताका श्यामप्रसादजी भारततर्फ घुम्न गएका बखत बिहार राज्यको यौटा जिल्लामा ब्रिटिश तानाशाही शासनविरुद्ध लडेर भारतीय स्वतन्त्रता सङ्ग्राममा शहादत प्राप्त गरेका वीर छोराछोरीको सम्झनामा जनताले बनाएको एउटा बगैंचा र त्यसनजीकै अग्लो चौतारामा लेखिएको दुई हरफ पढेर अचम्भित हुनुभयो। जुन यस्तो थियो:

**शहीदों के मजारों पर लगेंगे हर बरस मेले/वतन पे मिटने वालोंका यही बाँकी निशां होगा।**

यो पढेपछि उहाँमा अनेक तरङ्ग र भावनाहरू आउन लाग्यो। भारतमा ब्रिटिश शासनविरुद्ध त्यहाँको जनताले लडेझैं नेपालमा पनि राणाको एकतन्त्र तानाशाही सरकारविरुद्ध नेपाली जनताले लड्नुपर्छ भन्ने भावना उहाँमा जागृत भयो। यहाँका क्रान्तिकारीहरूले बेलाबेलामा उठाउने कुराहरू पढेपछि उहाँ पनि आफ्ना कलमहरू अगाडि बढाउन थाल्नुभयो।

राणाहरूको एकतन्त्री शासनका विरोधी यी दुवै स्रष्टाको २००४ सालतिर भारत प्रवासमैं भेट भई आपसी सम्बन्ध भयो। देवकोटाजी साहित्य, लेख र पत्रपत्रिकाको माध्यमले क्रान्तिमा होमिन चाहनुहुन्थ्यो भने श्यामप्रसादजी साहित्यको साथै राजनीतिक रूपान्तरित गर्दै आमूल परिवर्तनतिर लाग्नुपर्छ भन्नुहुन्थ्यो। करुण र उदार साहित्यकार भएकोले देवकोटालाई राणा सरकारले उच्च निगरानीमा राखेको थियो भने श्यामप्रसादजीले २००४ सालदेखि २००७ सालसम्म धेरैपटक जेलनेल भोग्नुभयो। अर्थात् उहाँलाई पक्रने र छाड्ने क्रम जारी रह्यो। श्यामप्रसादजीले जेलबाहिर देवकोटा, केदारमान व्यथित, सिद्धिचरण श्रेष्ठ, हृदयसिंह प्रधान, केवलपुरे किसान, गोकुल जोशीजस्ता सङ्घर्षशील साथी पाउनुभयो भने जेलभित्र युद्धप्रसाद मिश्र, गोपालप्रसाद रिमालजस्ता साथीहरू पाउनुभएको थियो। जेलभित्रका साथीहरूसँग मिलेर श्यामप्रसादजीले जनसाहित्य मण्डल, तरुण साहित्य समाज जस्ता संस्थाहरू खोलेर गुनासो नामको स्लेट पत्रिका निकाल्नुभयो। जेलबाट निस्कनासाथ सन्देश पत्रिका सम्पादन गर्नुभयो।

२००७ सालको प्रजातन्त्रप्राप्तिपछि देवकोटा साहित्यजगत्मा रमाउनुभयो। उहाँका समकालीन स्रष्टाहरू केदारमान, हृदयचन्द्रसिंह प्रधान, सिद्धिचरण, लेखनाथ, बालकृष्ण समहरूलाई उछिन्दै उहाँ उच्चकोटीको साहित्यकारमा पुग्नुका साथै महाकविको पद ग्रहण गर्न सक्नुभयो। २०१३ सालमा दिल्लीमा भएको एशियाली साहित्य सम्मेलनमा त उहाँले अन्तर्राष्ट्रिय ख्याति नै प्राप्त गर्नुभयो। देवकोटाको बारेमा भारतका विख्यात विद्वान् राहुल सांकृत्यायनले आफ्नो स्मरणमा लेख्नुभएको छ:- भारतका प्रख्यात कविहरू प्रसाद, पन्त, निरालाले तीन दशक लगाएर प्राप्त गरेको खुबी देवकोटा एक्लैमा छ भनी प्रशंसा गर्नुभएको छ। २०१६ साल भाद्र २९ गते क्यान्सरजस्तो रोगबाट पीडित भएर देवकोटा स्वर्गीय हुनुभयो। उहाँको मृत्युले नेपाली साहित्य जगत्मा अपूरणीय क्षति भएको बौद्धिक जगत्ले महसूस गरेको छ।

यता २००७ सालपछि श्यामप्रसादजीले सर्वप्रथम पत्रिकाहरू 'सन्देश', 'सेवा' प्रकाशन सम्पादन गरेपछि व्यभिचार, लेखकसरी बन्ने, तँ-तिमी-तपाईं-हजूर, साथै बाल शिक्षा, चीनका पुराना नीतिकथा, गाउँको सफाइ, थुनुवाको डायरी, पाँच जरुरी कुराजस्ता लेखहरू, जनसरोकारका रचनाहरू रचन थाल्नुभयो। २०१६ सालमा प्रगतिशील लेखक सङ्घ खोलेपछि राजनीति क्षेत्रमा उहाँको विशेष दखल देखिन लाग्यो। कल्पनामा रमाएर मात्र हुँदैन, तथ्यको आधारमा सत्य पत्ता लगाउनुपर्छ भन्ने मान्यता साहित्यमा सर्वप्रथम उहाँबाटै आएको मानिन्छ। सरल, सोझो, स्पष्ट र तिख्खर भाषामा लेख्ने चिनारीको रूपमा श्यामप्रसादजीको नाम आउँछ। श्यामप्रसादजीको मृत्युपछि उहाँ जन्मेको जिल्ला मकवानपुरको जनताले हेटौंडाको गुम्बा डाँडामा उहाँको शालिक स्थापना गरेर सम्मान दिएका छन्। जन्मेपछि मृत्यु अनिवार्य छ। देवकोटा र श्यामप्रसादजी सशरीर हाम्रो सामुन्ने नभए पनि उहाँहरूको प्रजातन्त्रमा गर्नुभएको योगदान र लेखेर छाडिदिनुभएको कृतिले युगौंसम्म सम्झाइरहने छ।

(यो लेख मैले हेटौंडा गुम्बा डाँडामा श्यामप्रसादजीको सालिक २०७८ सालमा अनावरण गर्दा सुनाउन लेखेको थिएँ, तर सुनाउन अनुकूल नपरेकोले प्रतीक दैनिकमा प्रकाशन गरिएको छ।)

# दीनदु:खीलाई सहयोग गर्ने बानी बसालौं



- अमिर मन्सुरी

म शनिवारको दिन वीरगंजबाट आफ्नो गाउँतर्फ जाँदै थिएँ। जाँदै गर्दा पावरहाउसचोकबाट पर्सा जिल्ला अदालत जाने बाटोमा एउटा अचम्मको घटना देखें।

त्यहाँ एकजना रिक्शाचालक बाटो छेउमा रहेको सेतो झोलामा बाँधिएको खाना (भात) उठाएर खाँदै थिए। मैले ध्यानपूर्वक हेर्दा त्यो खाना कसैले त्यहाँ फालेको थियो। फालिएको खाना उठाएर ती रिक्शाचालकले उठाएर खाएको दृश्य देखेपछि मेरो मन खिन्न भयो। म त्यस रिक्शाचालकनिर पुगे र सोधें, "किन यो फालेको खाना खानुभएको ?"

उनी केही समय बोल्न सकेनन्। त्यसपछि उनले आफ्नो कथा सुनाएपछि मेरो आँखा रसाएर आयो। उनले भने- "निकै जाडो बढेको छ, मसँग न्यानो कपडा छैन। ब्ल्याङ्केट पनि छैन। चीसोको कारण तीन-चार दिनदेखि काम पनि गर्न सकिरहेको छैन। कसैसँग सहयोग माग्दा कोही दिन मान्दैन। मलाई निकै भोक लागेको थियो त्यस कारण मैले फालेको खाना उठाएको हुँ।

उनको कुरा सुन्दा मेरो मनभित्र गहिरो पीडा भयो। समाजमा यस्ता दु:खद घटनाहरू हाम्रा आँखा सामुन्ने भइरहँदा पनि हामीले ध्यान दिंदैनौं। ती रिक्शाचालकले आफ्नो पीडा साझा गर्दा यो महसूस भयो कि हाम्रो समाजमा अझै पनि धेरै यस्ता व्यक्ति छन् जोसँग गाँस, वास र कपासको सुविधा छैन।

त्यस दिन मैले उनलाई केही सहयोग गर्न खोजें। मैले उनको लागि केही न्यानो कपडा र खानाको व्यवस्था गरिदिएँ। तर यो एउटा अस्थायी समाधान मात्र थियो। यस्ता समस्या समाधानका लागि समाजका सबैजना मिलेर पाइला चाल्नुपर्छ।

यस्ता घटनाले मेरो मन अझै पनि पनि विचलित छ। हाम्रो समाजमा आर्थिक र सामाजिक असमानताका कारण धेरै मानिसले आफ्नो जीवन दु:खका साथ बिताइरहेका छन्। हामीले हाम्रो समाजमा यस्ता व्यक्तिहरूबारे सोच्न र उनीहरूलाई सहयोग गर्न आवश्यक छ।

विशेषगरी जाडोको मौसममा गरीब, असहाय र बेघर व्यक्तिहरूले ठूलो पीडा सहनुपर्छ। हामीले न्यानो कपडा, खाना र अन्य आवश्यक सामग्री दिन सकेमा उनीहरूको जीवनमा थोरै भएपनि राहत पुऱ्याउन सक्छौं।

सामाजिक जिम्मेवारी हरेक व्यक्तिको कर्तव्य हो। हामीले यस्ता

(बाँकी पाँचौं पातामा)

# धूर्तता

(लघुकथा)



नवराज रिजाल
सम्पर्क : ९८५११३८६२४
पेशा : प्राध्यापन/पत्रकारिता

"हाम्रो विचारबाट एक पाइलो पछि हट्दिनँ । कर्तव्यमा डराउन्नँ । सबै भावनाको समानरूपमा पूजा गर्छु । मेरा हरेक कार्यमा यहाँहरूको संलग्नता रहनेछ," मजदूर नेताले उद्घोष गरे । समर्थनको ताली बज्यो । बन्द अभूतपूर्वरूपमा सफल भयो । हप्तौं कारखानाको मूल ढोकामा ताला मारियो ।

केही माग पूरा गरिए । अन्य माग दुई महीनाभित्र पूर्ण गरिने शर्तमा ताला खुल्यो तर व्यवस्थापनले पछि वास्तै गरेन । मागका सम्बन्धमा पुनः कुरा उठ्न थाले । कबुल पूरा नभएकोमा मजदूरहरूभित्र असन्तोष बढ्न लाग्यो । यही मौकामा व्यवस्थापन समूहले असन्तोषी मजदूरहरूलाई आरोपसहित निष्काशन गऱ्यो । निष्काशनपत्रमा हुलहुज्जत गरेको, काममा व्यवधान उत्पन्न गराएको, गुटबन्दीमा लागेर उत्पादनमा गम्भीर क्षति पुऱ्याएको जस्ता आरोप थिए ।

अर्को दिन थाहा भयो मजदूर हडतालको नेतृत्व गर्ने नेता त कारखाना मालिकको मानिस पो रहेछन् । मजदूरहरू मालिकका हातविपरीत नजाऊन् भनेर खटाइएको मानिस रहेछन् उनी । मजदूरहरू जिल्लिए, अझैपछि ज्ञात हुन आयो उक्त बन्द र विरोध मालिकले मजदूरहरू को समर्थन र को विरोधमा छन् बुझ्न गराएका रहेछन् ।

# आनन्दको खोजी : मनको अन्तर्यात्रा



हरिकृष्ण बराल
(स्वामी राधामाधव)
मुर्ली बगैंचा, वीरगंज

यही असमञ्जसको बीचमा रहेर ऊ अगाडि बढ्छ र उ ठूलो हुँदा पनि मनमा यस्तै असमञ्जस पालिरहन्छ ।

अहिलेको जमानामा मानिस जति द्विविधापूर्ण भएको छ, यति द्विविधापूर्ण पहिले कहिल्यै थिएन । अहिले निश्चितरूपमा तनाव र अशान्ति बढेको छ । तनाव जहिले पनि दुई बिन्दुको बीचमा पैदा हुन्छ । जहाँ म छु र जहाँ म हुन चाहन्छु, यी दुई बिन्दुको दूरी जति धेरै हुन्छ, त्यति नै तनाव र अशान्ति धेरै हुन्छ ।

आधुनिक जमानाका मानिसहरू धेरै गहिरो तनाव तथा अशान्तिमा छन् । किनकि उसले आफ्नो लक्ष्य धेरै ठूलो निर्धारित गरेको छ, त्यो धेरै टाढाको छ । आज मानिसका आकाङ्क्षा धेरै बढेको छ । आफूसँग मोटरसाइकल भएपनि महँगोभन्दा महँगो कार किन्न चाहन्छ । विज्ञापनले संसारका हरेक चीजलाई सार्वजनिक गरिदिएको छ । यसले हरेक व्यक्तिको महत्त्वाकाङ्क्षा जगाइ दिएको छ ।

जीवन ससाना कुराहरूमा अल्झिएर, अनेक झिनामसिना कुराहरूमा व्यस्त भएर अघि बढ्छ । जीवनका पहिला २५–३० वर्ष त शिक्षा आर्जन गर्दै निस्कन्छन् । त्यसपछि विवाह हुन्छ, घर गृहस्थी बसाउने, धन कमाउने, नाम कमाउने आदि दौडमा व्यतीत हुने गर्छ । यसै सँगसँगै ज्ञानप्राप्ति तथा यशप्राप्ति गर्ने कार्य पनि चलिरहन्छ । अनेक प्रकारका मनोकाङ्क्षा पूरा गर्नमा अल्झिरहन्छ । वृद्ध अवस्था आउँदै गर्दा मानिस झल्याँस्स हुन्छ र सोच्न थाल्छ कि अहिलेसम्म मैले जे गरें, त्यो त सबै क्षणभङ्गुर मात्रै थियो । सबै नाशवान् कुरा मात्र गर्दागर्दै मेरो यति उमेर बित्यो, कुनै खास कुरा हातमा आएन । त्यस बेला मानिसलाई यस्तो लाग्छ कि जीवन निरर्थक भयो । अब सामुन्नेमा मृत्युको बोध प्रगाढ हुन थाल्छ । अब सामुन्नेमा हेर्ने कुरा अरू केही हुँदैन । जवानीमा हेर्ने कुराहरू धेरै थिए । केटाकेटी उमेरमा त झन् अनेकौं सपना थिए । आकाशका तारा झार्ने लक्ष्य थिए । अब वृद्ध अवस्था आएपछि सबै सपना पनि सकिए, शरीर पनि जर्जर भयो । सामुन्नेमा मृत्युको अलावा अरू केही देखिंदैन । यो उमेरमा कुनै नयाँ सपना पाल्न पनि सकिंदैन ।

यसैले प्रकृतिले बनाएको व्यवस्था अनुसार यो समयको सदुपयोग गर्नु नै सबैभन्दा बुद्धिमानी हुनेछ । वृद्धावस्था पनि अनेकौं किसिमले उपयोगी छ । यस अवस्थामा आएपछि मानिसका आँखा कमजोर हुन थाल्छन् । जसले गर्दा बाहिर हेर्न सकिंदैन, त्यसैले नजरलाई अन्तर्मुखी बनाएर भित्र हेर्ने प्रयत्न गरौं । कान खराब भए, बाहिरका स्वरहरू त्यति धेरै सुनिन छोडियो, अब बाहिरका मानिसहरूको कोलाहल सुन्न छोडेर यो सुन्ने कामलाई पनि भित्रतिर फर्काएर भित्रको ॐ कारको गुञ्ज सुन्ने प्रयत्न गरौं । इन्द्रियहरूले बिस्तारैबिस्तारै काम गर्न छोड्न थाले । हातखुट्टा पनि धेरै चल्न छोडे, कुनै पनि काम राम्रोसँग गर्न नसकिने भयो । त्यसैले अब बाहिरको सक्रिय जागरूकता छोडेर भित्रको निष्क्रिय सजगता जान्ने सुअवसर प्राप्त भएको सम्झेर त्यतातिर अगाडि बढौं ।

बुद्धिमान् मानिसले जीवनमा हरेक परिस्थितिलाई उपयोग गर्छ । त्यही ठाउँमा बुद्धिविहीन मानिसले हरेक परिस्थितिको दुरुपयोग गर्छ । वृद्धावस्था पनि त्यति धेरै नराम्रो पनि छैन । यो लाचारी, यो कमजोरी, इन्द्रियहरू शिथिल हुनु, मृत्युको भय लाग्नु आदि एउटा जगाउने तत्त्व हुन सक्छ । अस्तित्वले हामीलाई भनिरहेको छ कि उठ, जाग सुस्त भएर नबस । तिमीले अहिलेसम्म जे प्राप्त गरेका छौं, त्यो सबै तिम्रो हातबाट खोसिनेछ, तिमीसँग केही पनि बाँकी रहनेछैन, तिम्रो साथमा केही पनि जानेछैन । क्रमशः

# साइनो

कविता



डा छायादत्त न्यौपाने 'बगर'
सम्पर्कः ९८५११५७१९३
पेशाः लेखन, सम्पादन तथा प्राध्यापन

गास वास कपास
जिन्दगीभरको खोजी
सङ्कटग्रस्त परिणाम !!

बसेन थितिमिति
थिचिंदै नीति–नियम
हालीमुहालीमा बेथिति ।

उस्तै यी धामीझाँक्री
विपरीत छ गन्तव्य
विचारहीन यात्रीहरू !!

ओझेल परे सन्त
विलासी बने महन्त
राष्ट्रिय सम्पदा समाप्त ?

कति सस्तो छ बोली
आफूखुशी बोलिरन्छ
बोल्दै बिर्सदै गरे हुने ?

सिङ्गै समाज रोगी ?
घूस बलात्कार बोक्सी
बिचौलिया विजयी सर्वम् !!

पौरखी काम खान्छ
फटाहाले दाम खान्छ
नैतिकहीन घूस खान्छ !

म हैन जननेता
म त गुट–गुटी नेता
म हुँ घर–माइती नेता !!

# सीता र फुलवानी

कथा



डा शिवशङ्कर यादव
shivshankaryadav3398@gmail.com

भारतको बैकुण्ठपुरकी सीताको बिहे नेपालमा बिसुनपुरका रामचन्द्रसँग भएको थियो । माइतिमा सीताकी एकजना साथी थिइन्, फुलवानी । एक हिन्दू, अर्की मुस्लिम तर दुवैबीच केटाकेटीदेखि नै नङ्–मासुको सम्बन्ध थियो । दुवै सँगै खेल्थे, खेतबाट सागसब्जी टिप्थे र परे झगडा पनि गर्थे । संयोग कस्तो कि फुलवानीको निकाह पनि बिसुनपुरकै अमजद अलीसँग भयो । त्यस बिहेमा सीताको सिफारिश र योगदान थियो । यसरी दुवै सहेलीको सम्बन्ध ससुरालमा पनि यथावत रह्यो ।

अमजद अली ट्रक ड्राइभर थिए । रामचन्द्र भने सम्पन्न किसान । सीताको मनमा सम्पन्नताको कुनै अहङ्कार थिएन । संस्कृति सर्वधर्मसमभावको भाषा हो । बहुल–संस्कृतिले सबैलाई आफ्नै रंगमा रंगिदिन्छ । सीता र फुलवानीबीच एउटै फरक थियो । सीता सिन्दुर लगाउथिन्, फुलवानीको सिउँदो खाली हुन्थ्यो ।

एक दिन एउटा अप्रत्याशित घटना भयो । ट्रकले किचिएर अमजद अलीको इन्तकाल भयो । त्यस दिन अमजद अली एपउटा पहाडी बिसौनीमा केही खाइरहेका थिए । माथि एउटा ट्रक थियो, जुन एक्कासि तलतिर गुड्न थाल्यो र अमजद अलीलाई च्याप्दै बेसीमा अडियो । फुलवानीको अवस्था विदिर्ण थियो । त्यो देखेर सीता पनि विचलित भइन् । हे भगवान् ! यो कस्तो बज्रपात भयो ? जवान फुलवानीको जीवन अब कसरी बित्ला ? जे होस्, समयले दुःख समथर पार्दै ल्यायो । तर घरको पालन–पोषणकर्ता एक मात्र अमजद अली थिए । गुजारा कसरी चल्ने ?

सीताको सहयोगले फुलवानीले एउटा पसल थापिन् । दश वर्ष बित्यो । सीतालाई सन्तान भएन । तर उनको र रामचन्द्रको प्रेममा कुनै कमी आएन । सन्तान नभएकोले जवानीमैं दुवैको मन वैराग्यतिर लाग्यो । दुवैले सिद्ध महात्मा परिमल दाससँग दीक्षा लिए । भजन कीर्तन, तीर्थ धाम दिनचर्या बन्यो । एकपल्ट रामचन्द्र अन्यत्र गएका थिए । सीतालाई कात्तिक पूर्णमासीको गङ्गास्नान गर्नु थियो । उनले फुलवानीलाई साथ हिंड्न आग्रह गरिन् । फुलवानीलाई के आपत्ति ? दुवै गंगा स्नान गर्न हिंडे । गङ्गा किनारमा स्नान गर्ने आइमाई र पुरुषको भीड हेरेर फुलवानीको आश्चर्य र खुशीको ठेकान नै रहेन । फुलवानीले हजबारे सुनेकी थिइन् । मस्जिदमा त आइमाईले जान वर्जित छ । फर्केपछि फुलवानी यति अभिभूत भई कि सीतालाई भनी : सीता, आजदेखि तिमी जुन पनि तीर्थ जान्छ्यौ म पनि तिम्रो साथ जानेछु । नत्र भने हाम्रो सखियाना कट्टी हुनेछ ।

सिताले भनिन् : तिम्रो समाजले मन पराएन भने ? फलवानीले भनिन् : म आफ्नो दानापानी आफैं कमाउँछु, समाजले त दिंदैन । आफ्नो मेहनतको कमाइ खान्छु । अल्लाहको इबादत गर्छु । लोग्नेले साथ छोडिदिए । जहाँ रंग छ, आनन्द छ, त्यो जुन धर्म भए पनि त्यहाँ पक्कै अल्लाह बसेको हुनुपर्छ ।

गङ्गास्नानको एक वर्षपछि माओवादी आन्दोलन शुरू भयो । पहाडबाट उठेको लप्को मधेसमा पुग्यो । माओवादीले त्यसलाई जनयुद्ध, जनमानस–कोही आतङ्क त कोही व्यवस्थाको जमेको पोखरीमा ढुङ्गा हानेको भन्थ्यो । तर मान्छे आतङ्कित थिए । कसैको बखारी लुटिन्थ्यो, कसैको खेत कब्जा हुन्थ्यो । कोही दिनदहाडै मारिन्थ्यो । जन–अदालत बस्थ्यो । कोही निजी दुश्मनीलाई पनि माओवादीसँग मिलेर साध्ने गर्थ्यो । सम्पन्न व्यक्ति सबै गाउँ छोडेर शहर पसे । रामचन्द्र पञ्चायती व्यवस्थामा मुखिया थिए । उनले जबर्जस्ती अर्काको खेत जोत्ने एकजनाबाट सरोकारवालालाई दिलाइदिएका थिए । त्यसैको रिस साँधियो रामचन्द्रमाथि । एक दिन एउटा जन्ती गएका रामचन्द्र शामियानाबाट निस्कने बित्तिकै ढले । माओवादीले काम तमाम गरिदिए । सीताको मन विदिर्ण भयो । वैधव्यको यात्रामा उसका घरपालुवा जनावर गाई र कुकुर मात्र थिए । कुकुरको नाम मोती थियो । गाई उनले जेठाजुलाई दिइन् । मोती मात्र साथ रह्यो । कसैकसैले सीतामा बदलाको अग्नि भडकाउने कोशिश गरे । सीता भन्थिन् : बदला कोसँग ? माओवादी एउटा सङ्गठन हो जो देश बनाउन हिंडेको भन्छ । मेरो घर र मन उजाडेर के देश बनाउलान् ? सीताले बदला होइन, श्रापको हतियार प्रयोग गर्थिन् । अब उनी पूण वैरागी बनिन् । जल चढाउन जाने काफिलाको बाटोमा सारीको कार्पेट बिछाउँथिन् । आश्चर्य के थियो भने सीतासँग फुलवानी पनि हुन्थिन् । अद्भुत थियो आस्थाको त्यो रंग । त्यसभन्दा पनि अद्भुत थियो फुलवानीको साथ ।

जनताले भन्थ्यो : आस्थाको अगाडि त मार्क्सले पनि हार खाएका थिए । माओवादीको के बिसात ? मन्दिर र स्कूल तोडेर कुन राष्ट्र सप्रेको छ ? कर्बलामा सीता र फुलवानी सँगै जान्थे । मेला हेर्न होइन, इमाम साहबलाई ढोग्न । तर भारतमा कर्बलामा हिन्दू जाँदैनन् । हिन्दूको जुलूस मस्जिद भएर निकाल्न दिइँदैन । सुनेर दुवै उदास हुन्थे तर खुशी पनि हुन्थे कि नेपालमा त्यस्तो छैन । उनलाई डर थियो माओवादीले त्यो रोग नेपालमा पनि नल्याइ देओस् । एकचोटी शिवरात्रिमा दुवै सँगै पशुपति दर्शन गरेर आए । पशुपतिमा जुत्ता, चप्पल र अहिन्दू वर्जित छन् । तर मान्छेलाई लाग्थ्यो कि दुवै विधुवा हिन्दू हुन् । दुवैको वेशभूषामा कुनै फरक थियेन । मङ्सिर आयो । सीताले जानकी दर्शनको इच्छा भयो । दुवै सहेली परिमल दासका साथ जनकपुर रवाना भए ।

बाटोमा परिमल दासले बताउँदै गए : सीता को थिइन्, कसरी र किन दुःखको पहाड बोक्नुपऱ्यो ? कसरी समाजको निष्ठुरता सहिन् ? आदि आदि । जनकपुर पुगेर उनै अद्भुत जानकीको दर्शन गरेर एउटा होटलमा वास बसे । भोलिपल्ट धनुषाधाम र सीता–फूलवारी हेरेर तीनैजना बस चढे । खचाखच भरिएको बसमा खुट्टा राख्ने पनि ठाउँ थिएन । निजगढको जङ्गल पुगेपछि आठ–दसजना तन्नेरीले बस रोक्न लगाए र बसमा पेट्रोल छरेर आगो लगाइदिए । सबै यात्रु त्यसैमा भस्म भए । सीता र फुलवानी कसैगरी हाम फालेर बाहिर निस्के । उनीहरूको साडीमा आगो लागिसकेको थियो । प्राण बचाउन दुवै जङ्गलभित्र पसे र बेहोश भएर लडे ।

सीता र फुलवानी त्यहीं मरे र उनीहरूको शरीर माटोमा विलीन भयो । केही दिनपछि फुलवानीको माटोमा सीताफल र सीताको माटोमा अशोकको बोट उम्रियो । सीताको प्रिय फल र लङ्कामा सीतालाई छहारी दिने रुख ।

# सिनेमा–सिनेमा

टाकनटुकन



कुमार रुपाखेती

तेलुगु, तमिल, कन्नड, मलायलमका दक्षिणी सिनेमाले भारतका मुम्बइया हिन्दी सिनेमाको हुर्मत लिन थालेको छ । भारतका साथ दक्षिणी सिनेमाले राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा कमाल नै गर्न थालेको छ । मुम्बइया हिन्दी सिनेमाप्रेमीहरूसमेत अचेल दक्षिण भारतीय सिनेमाको पारखी बन्न थालेका छन् । विगतमा भारतमा बम्बइया हिन्दी सिनेमाको एकछत्र साम्राज्य तोड्दै अहिले दक्षिण भारतीय सिनेमाले भारत र विश्वबाटै बम्बैया सिनेमालाई क्रमशः चुनौती दिंदै विस्थापित गर्दै भित्तामा पुऱ्याउन थालेको देखिन्छ । नेपालमा समेत एकताका हिन्दी बम्बइया सिनेमाले तहल्का मचाएको थियो । तर अहिले हामी नेपाली सिनेदर्शक समेतलाई दक्षिण भारतीय सिनेमाको लत लागेको देखिन्छ । लगानी, फोटोग्राफी, कथाको छनोट, कलाकारको छनोट आदिमा दक्षिण भारतीय सिनेकर्मीहरू निकै गम्भीर र चनाखो देखिन्छन् भने बम्बइया कथा, कलाकारहरू उही पुरानै ढर्राका घिसापिटा एक्टिङका साथ उपस्थित देखिन्छन् । विश्वविख्यात र मुम्बईमा रहेको कपुर खानदानको ऐतिहासिक धरोहर भनिने आरके स्टुडियोसमेत अहिले नेस्तनाबुद भइसक्यो । अचेल त बम्बइया सिनेमा फिल्माउनसमेत हिन्दी सिनेमायीहरू दक्षिण लाग्ने गरेका छन् । त्यस्तै सुपरडुपर साउथ फिल्मको नकल गरेर थुप्रै मुम्बइया हिन्दी फिलिम बन्न थालेका छन् । यस्ता प्रतिलिपि हिन्दी सिनेमामा नयाँ नौलो क्यै हुँदैन । अवस्था यस्तै रहेमा बम्बइया सिनेमाले समयानुकूल सुधार नगरेमा भोलिका दिनमा मुम्बइया सिनेमालाई दक्षिण भारतीय सिनेमाले पटकनी दिने र चारोखाना चित्त गर्ने पक्कापक्की छ । दक्षिण भारतीय फिल्म पुष्पा–२ ले त कमाल नै गरेको छ ।

**नटखट लालुप्रसाद यादव**

भारतमा र खासगरी बिहारमा लालुलाई मुंहफट र नटखट नेता भनिन्छ । बिहारको मुख्यमन्त्री नीतीश कुमारले महिला संवाद यात्रा चलाएका छन् । यो महिला संवाद यात्रामा मुख्यमन्त्री नीतीश कुमार स्वयं महिलासामु खडा भएर संवाद गर्दछन् । तर लालुले नीतीशको महिला संवाद यात्रालाई नयनमटका र नयन सेक्ने जा रहे हैं भनेर आरोप लगाएर खिल्ली उडाएपछि नीतीशको कन्सुत्लीको रौ तात्तिनु स्वाभाविकै हो । लालुलाई चटपटे प्रतिक्रिया र मसालेदार चटखारे खबरका बेताज बादशाह भनिन्छ । त्यसो त जगहँसाइको कार्य गर्न नीतीश र लालु दुवैलाई महारथ प्राप्त छ । नीतीश पक्षले लालुको प्रतिक्रियालाई बहुलट्ठीको पराकाष्ठा भनेको छ । तर म त यही भन्छु मुन्नी बदनाम हुई डार्लिङ तेरे लिए । बिहारमा अझै पनि 'लचके जब कमरिया तोहरी जिल्ला हिलेला' भन्छन् ।

भारतमा भगत सिंह, सुखदेव र राजगुरुलाई उच्च बलिदानी नेताको सम्मान प्राप्त छ । पाकिस्तानको लाहोरमा शाहमान चोक निकै प्रख्यात छ । केही समय अघि लाहोरका हिन्दूहरूले शाहमान चोकको नाम परिवर्तन गरी भगत सिंह चोक राख्न लाहोर हाइकोर्टमा मुद्दा हाले । तर लाहोर अदालतले भगत सिंह, सुखदेव र राजगुरुलाई आतङ्कवादी गतिविधिमा संलग्न भन्दै रीट मुद्दा खारेज गरिदियो । आफ्ना शहीदहरूलाई आतङ्ककारी भनेकोमा भारतको राजनयिक क्षेत्र भित्रभित्रै गुम्सियो । अङ्ग्रेज सरकारले सन् १९३१ मा लाहोर केन्द्रीय कारागारमा भगत सिंह, सुखदेव र राजगुरुलाई आतङ्ककारी भन्दै फाँसी झुन्ड्याएको थियो । कुरा के रहेछ भने एकजना क्रूर अङ्ग्रेज अफिसरसँग भगत सिंह, सुखदेव र राजगुरुको व्यक्तिगत घटनाबारे नराम्ररी झगडा भएछ र त्यो झगडामा राजनीतिको र अनि स्वतन्त्रताको स्वको नामोनिशान थिएन । यो नितान्त निजी झगडा थियो । मौका पाउनेबित्तिकै एक दिन भगत सिंह, राजगुरु र सुखदेवले अङ्ग्रेज अफसरको हत्या गरिदिए । यो हत्या अभियोगमा तीनैजना पक्राउ परे, फाँसीमा झुन्ड्याइयो । त्यतिखेर भारतमा स्वतन्त्रता आन्दोलन चलिरहेको थियो, अङ्ग्रेज अफिसरको हत्या गरेकोले उनीहरूलाई आन्दोलनकारीहरूले शहीदको श्रेणी र सम्मान दिएछन् । तर अङ्ग्रेज र वर्तमान पाकिस्तानी अदालतले यिनलाई आतङ्ककारी भनेपछि भारतको चित्त दुख्ने नै भयो ।

**एउटा समाचार यस्तो पनि**

'मैं सीताकुमारी गिरी, सुपुत्री विजय गिरी निवासी मुजफ्फरपुर बिहारका शुभविवाह, वीरगंज (नेपाल) पर्सा जिल्ला शमशेर गिरीसे हुआ है । विवाहके बाद मैं नेपाल में ही रहनेवाली हुँ । नेपाल के कानूनमुताबिक मैं वैवाहिक नाते से नागरिक बनने जा रही हुँ । इसलिए मैं अपनी राजीखुशीसे अपनी भारतीय नागरिकता परित्याग करती हुँ । मेरा नाम भारतीय नागरिकता और मतदाता सूचीसे हटाया जाय ।'

यस्ता आशयका पत्र भारत र खासगरी बिहारका डिएम कार्यालयमा रु ३०० को नेपाली टाँसेर पुग्दैछ । अहिले तराई क्षेत्र नेपालमा छोरी बिहा गर्न भारतीय खासगरी बिहारीहरू न्वारनको बल झिकेर लागेका छन् । यस्ता पत्रहरू दैनिक दर्जनौं प्राप्त हुन थालेपछि भारतीय गृह मन्त्रालयको कान ठाडो भएको र चिन्ता लिन थालेको छ रे । तर वैवाहिक नागरिकता वितरण गर्न सहज नियम कानून तर्जुमा गर्ने हाम्रो सरकार कानमा तेल हालेर बसेको छ । स्मरणीय छ नेपालबाट भारततर्फ विवाह भएर जाने नेपाली महिलाले भारतीय बन्न लामो प्रक्रिया अपनाउनुपर्छ । वर्षौं इन्तजार गर्नुपर्छ । हाम्रो फितलो कानून त टका सेर भाजा, टका सेर खाजा जस्तै त हो नि !

**समय बलवान छ**

अस्ति पुस १४ गते राजा वीरेन्द्रको जन्मदिन वीरगंजमा एउटा सानो राजावादी समूहले उदास र उराठपूर्ण तरीकाले मनाए । तर एक जमानामा पुस १४ का दिन मुलुकभरि नै मेलापात र उल्लासको वातावरण हुन्यो । घर, कवल, पसलहरू राजाको जयजयकार र राष्ट्रिय झन्डा पताकाले शोभायमान हुन्थे । बजारमा सरकारी पदाधिकारीहरूसहित विशाल परम्परागत जुलूसले नगर परिक्रमा गर्दथ्यो । यो तामझाम हेर्न गाउँका मानिस सदरमुकाम छिर्थे । पत्रपत्रिकाहरूमा जन्मदिनको विज्ञापनको ओइरो लाग्दथ्यो, रमाइलो मेला पुस महीनाभर सञ्चालन हुन्थ्यो ।

तर अहिले जमाना बदलिएको छ । राजाहरू एकादेशका कथा बनाइएका छन् । २०१७ सालमा समेत दुस्साहसी भनिने राजा महेन्द्रले जननिर्वाचित विपी कोइरालाको सरकारलाई जेल, नेल र निर्वासनमा पठाएर, जबरजस्तरूपमा पञ्चायती व्यवस्था लागू गरेका थिए । त्यतिखेर महेन्द्रले काङ्ग्रेस, कम्युनिस्टका बिकाउ प्रवृत्तिका नेताहरूलाई पञ्चायतमा भित्र्याएर सम्मानजनक ओहदा दिएर पञ्चायतको खम्बा मजबूत पारेका थिए । परशुनारायण चौधरी, केशरजङ्ग रायमाझी, विश्वबन्धु थापा, सूर्यबहादुर थापा आदि प्रारम्भमा पञ्चायती व्यवस्थाका इतरपक्ष (विपक्षी) थिए । बेला–कुबेला काङ्ग्रेस कम्युनिस्टलाई क्रमशः काखा, पाखा गर्न पनि राजा महेन्द्र चुक्दैनथे । भनिन्छ त्यतिखेर विपी कोइराला नेतृत्वको सरकार छोटो अवधिमैं निकै बदनाम भएको थियो । राजा वीरेन्द्रकै वंशनाश हुँदा लाखौं नेपालीहरूले मुण्डन गरेका थिए । ती सबैले बदलिंदो समयमा वीरेन्द्रलाई बिर्सिंदै गए ।

ठूलै जोश र जाँगरका साथ नेपालीहरूले ज्युज्यानको बाजी लगाएर २०४६ सालमा आन्दोलन गरे, प्रजातन्त्र ल्याए । तर हामीले प्रजातन्त्र, गणतन्त्रको फटेहाल हविगत देखिरहेका छौं । धनी झन्झन् धनी र गरीब झन्झन् गरीब हुँदै गएको अनुभव हुन थालेको छ । शान्ति, सुरक्षा र संविधान कानूनको धज्जी उठाइएको छ । चोरलाई चौतारी र साधुलाई सुलीको वातावरण छ । यस्तो अचाक्ली अत्याचार व्यभिचार मौलाउँदै जाँदासमेत आम नेपाली एकतन्त्री राणा शासनझैं मौन र त्रसित छ । आखिर किन ? मुलुकमा राणा र राजाभन्दा तानाशाही प्रजातान्त्रिक व्यवस्था आएकै हो त ? राजा महेन्द्रका निराश छोरा

(बाँकी पाँचौं पातामा)

## अन्तर्राष्ट्रिय समाचार

# गाजाको भग्नावशेष हटाउन पाँच वर्ष लाग्ने


तस्वीरः रासस

रमल्ला, ११ माघ/सिन्ह्वा

गाजामा रहेको भग्नावशेष हटाउन पाँच वर्ष लाग्ने प्यालेस्टिनी अधिकारीहरूले बताएका छन् ।

पर्याप्त रकम र उपकरण उपलब्ध भएमा इजरायलसँग भएको द्वन्द्वका क्रममा गाजामा रहेको भग्नावशेष हटाउन तीनदेखि पाँच वर्ष लाग्न सक्ने प्यालेस्टिनी सार्वजनिक संरचना निर्माण तथा आवास मन्त्री अहेद बिसिसोले बताएका हुन् ।

विस्फोटक पदार्थ पत्ता लगाउन स्रोत, कोष र विशेष उपकरणहरू सुरक्षित गर्न र भग्नावशेष उठाउन, सामान छुट्याउन र ढुवानी गर्न तीनदेखि पाँच वर्ष लाग्न सक्ने अनुमान गरिएको बिसिसोले प्यालेस्टिनी समाचार संस्था (वाफा)लाई बताएका हुन् ।

उनले संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडिपी)लगायत विभिन्न संस्थासँग सडक खुलाउने र भग्नावशेष हटाउने प्रक्रियामा समन्वयका लागि आफ्नो मन्त्रालयले काम गरिरहेको बताए ।

अर्को चरणमा विद्यालय, अस्पताल र मस्जिदसहित १५० वटा सार्वजनिक भवनका भग्नावशेष हटाउने र सडक पुनः सञ्चालन गर्ने विषयमा केन्द्रित हुने बिसिसोले बताए । "दुई करोड ५० लाख क्षतिको स्थानीय बासिन्दाले पेश गरेको प्रतिवेदनमा आधारित विस्तृत अध्ययन पूरा भएको छ"–बिसिसोले भने ।

वेस्ट बैंक र गाजा दुवैको स्थितिलाई सम्बोधन गर्न एउटा कार्य दल स्थापना गरिएको छ । बिसिसोले भने–"प्रारम्भिक जानकारी अनुसार इजरायली आक्रमणका कारण लगभग चार लाख आवासीय एकाइहरू पूर्ण वा आंशिकरूपमा नष्ट भएका छन् । दाताहरूको समन्वयमा दुई लाख नयाँ एकाइ निर्माण गरिनुपर्ने आवश्यकता देखिएको छ ।"

आंशिकरूपमा क्षति भएका घरहरूको मरम्मत सम्भार र घरहरू पूर्णरूपमा ध्वस्त भएकालाई अस्थायी आवास उपलब्ध गराउन साझेदारहरूसँग मिलेर काम गर्ने मन्त्रालयको योजना छ ।

उनका अनुसार आफन्तसँग बस्ने परिवारले आर्थिक क्षतिपूर्ति पाउने छ । संयुक्त राष्ट्रसङ्घको अनुमान अनुसार २० लाखभन्दा बढी जनसङ्ख्या रहेको गाजामा पाँच करोड टनभन्दा बढी भग्नावशेष हटाउन आवश्यक छ र यसका लागि करीब एक अर्ब २० करोड अमेरिकी डलर लागत लाग्नेछ ।

गाजास्थित प्यालेस्टिनी सरकारी सञ्चारमाध्यम वाफाको कार्यालयले युद्धविरामपछिको आफ्नो पहिलो मूल्याङ्कनमा गाजापट्टीको ८८ प्रतिशत क्षेत्रमा क्षति पुगेको र प्रारम्भिक क्षति ३८ अर्ब डलरभन्दा बढी भएको अनुमान गरेको छ । रासस

# बङ्गलादेश र विश्व बैंकबीच तीन करोड अमेरिकी डलर ऋण सम्झौता

ढाका, ११ माघ/सिन्ह्वा

बङ्गलादेश सरकार र विश्व बैंकबीच पूर्वी क्षेत्रमा विद्युत् प्रसारण सञ्जाल विस्तारका लागि थप दुई करोड २९ लाख एसडिआर (अन्तर्राष्ट्रिय रिजर्भ एसेट अर्थात् तीन करोड अमेरिकी डलर) बराबरको सम्झौतामा हस्ताक्षर भएको छ ।

सम्झौतापत्रमा बङ्गलादेशको आर्थिक सम्बन्ध महाशाखाका सचिव मोहम्मद शाहरियार कादर सिद्दिकी र विश्व बैंकका कार्यवाहक देशीय निर्देशक गेल मार्टिनले हस्ताक्षर गरेका छन् ।

पावर ग्रीड बङ्गलादेशले यो परियोजना कार्यान्वयन गरिरहेको छ, जसको उद्देश्य दक्षिणपूर्वी बङ्गलादेशका केही भागमा बिजुलीको बढ्दो माग पूरा गर्नु हो ।

महाशाखाले एक वक्तव्य जारी गरी विश्व बैंकको स्केल–अप सुविधा अन्तर्गत सन् २०१८ अप्रिलमा ४५ करोड ६४ हजार डलरको यस परियोजनाको प्रारम्भिक वित्तीय सम्झौतामा हस्ताक्षर गरिएको थियो ।

त्यसपछि कोभिड–१९ परियोजनाका लागि पाँच करोड अमेरिकी डलर खर्च भएको थियो । यस पृष्ठभूमिमा, परियोजनाको सफल सम्पन्नताका लागि अब विश्व बैंकबाट तीन करोड डलरको थप वित्तपोषण आवश्यक छ । रासस

# अस्ट्रेलियाली प्रमद्वारा निर्माण प्रशिक्षार्थीलाई नगद प्रोत्साहन दिने प्रतिबद्धता

क्यानबेरा, ११ माघ/सिन्ह्वा

अस्ट्रेलियाका प्रधानमन्त्रीले आवास निर्माण क्षेत्रमा काम गर्ने प्रशिक्षार्थीलाई थप नगद प्रोत्साहन दिने घोषणा गरेका छन् ।

नेशनल प्रेस क्लबमा सन् २०२५ को पहिलो प्रमुख सम्बोधनमा चुनावी नीतिको घोषणा गर्दै प्रधानमन्त्री एन्थोनी अल्बानीसले शुक्रवार प्रशिक्षार्थीलाई थप नगद प्रोत्साहन दिने घोषणा गरेका हुन् । यसले अस्ट्रेलियामा 'ट्राडिज' भनेर चिनिने अर्को पुस्ताका दक्ष कामदारलाई सहयोग गर्ने र निर्माण कार्यबललाई प्रोत्साहन मिल्ने बताएका थिए ।

प्रोत्साहनका लागि ६२ करोड ६० लाख ९० हजार अस्ट्रेलियन डलर (करीब ३९ करोड ९० लाख ४० हजार अमेरिकी डलर) छुट्याइएको छ । यस नीति अन्तर्गत आवासीय निर्माणमा काम गर्ने दक्ष श्रमिकहरूले प्रशिक्षणको क्रममा पाँच किस्तामा १० हजार अस्ट्रेलियन डलर (छ हजार ३०८ अमेरिकी डलर) प्राप्त गर्नेछन् । अल्बानीसले भने–"हामी नयाँ पुस्ताका दक्ष कामदार (ट्राडिज)हरू पहिचान गर्नेछौं, हामीलाई आवश्यक नयाँ घर निर्माण गर्न हामीले भरोसा गरिरहेका व्यक्तिहरू आर्थिक दबाबमा छन् ।"

उनले भने–"धेरैले आर्थिक अभावका कारण प्रशिक्षण छोड्छन् । हाम्रो सरकार धेरैभन्दा धेरै अस्ट्रेलियालीहरूलाई उपकरणहरू प्राप्त गर्न र निर्माणमा रहन प्रोत्साहित गर्न चाहन्छ ।"

अल्बानीसको लेबर पार्टीको नेतृत्वमा रहेको सरकारले सन् २०२३ मा अस्ट्रेलियामा सन् २०२९ सम्म पाँच वर्षको अवधिमा १२ लाख नयाँ घर निर्माण गर्ने लक्ष्य राखेको थियो ।

उद्योग सङ्गठन मास्टर बिल्डर्स एसोसिएशनले बुधवार दिएको जानकारी अनुसार सन् २०२४ को सेप्टेम्बरसम्म १२ महीना अवधिमा एक लाख ६५ हजार नयाँ घर निर्माण शुरू भएको छ ।

एसोसिएशनका प्रमुख कार्यकारी अधिकृत डेनिटा वावनका अनुसार हालको गतिमा पाँच वर्षको अवधिमा आठ लाख २५ हजार नयाँ घर निर्माण हुनेछन् ।

अल्बानीजको सरकारद्वारा स्थापित उद्योग नेताहरूको एक सल्लाहकार समूहका अनुसार १२ लाख नयाँ घर निर्माणको लक्ष्य पूरा गर्न थप ९० हजार आवास निर्माण श्रमिकको आवश्यकता पर्छ । रासस

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

# मदिरासेवन गरेका व्यक्तिको शङ्कास्पद मृत्यु

सुग्रीव साह, भिस्वा, ११ माघ/

भारत, बिहारको कङ्गाली थाना क्षेत्रको भेडिहारी गाउँमा मदिरासेवन गरेका व्यक्तिको शङ्कास्पद मृत्यु भएको छ ।

भेडिहारीका ३५ वर्षीय रमेश शर्माको अत्यधिक मदिरासेवनबाट मृत्यु भएको प्रहरीले जनाएको छ । घटनापछि स्थानीयवासीले थाना घेराउ गर्दै दोषीलाई कारबाईको माग गरेको छ ।


तस्वीरः प्रतीक

अनुमण्डल पुलिस अधिकारीले भेडिहारी चोकबाट तीनजनालाई मदिरासेवन गरेको कसूरमा पक्राउ गरेको र त्यसमध्ये एकजनाको अवस्था चिन्ताजनक भएपछि उपचारको लागि बेतिया अस्पताल लैजाने क्रममा मृत्यु भएको प्रहरीले दाबी गरेको छ । रमेशको मृत्युपछि आक्रोशित स्थानीयवासीले थाना घेराउ गरेको डिएसपी जयप्रकाश सिंहले बताए । उनले रमेशले अत्यधिक मदिरासेवन गरेका र चीसोको कारण उनको मृत्यु भएको बताएका छन् । प्रहरीले मदिरासेवन गरेको कसूरमा पक्राउ गरेका व्यक्तिलाई कुटपिट नगर्ने गरेको उनले दाबी गरे ।

प्रहरीले घटनास्थलबाट सिसिटिभी फुटेज चेकजाँच तथा शल्यपरीक्षण प्रतिवेदन आएपछि मृत्युको कारण खुल्ने जनाएको छ ।

# राष्ट्रिय एकता अभियान, पर्साको कार्यालय स्थापना

प्रस, वीरगंज, ११ माघ/

राष्ट्रिय एकता अभियानले पर्सामा कार्यालय स्थापना गरेको छ । अभियानका केन्द्रीय अध्यक्ष विनय यादवले कार्यालयको उदघाटन गर्दै राष्ट्रिय स्वाभिमान र पहिचानको रक्षा अभियानको मुख्य उद्देश्य रहेको बताए । उनले अभियानले सामाजिक एकता र राजनीतिक स्थायित्वका लागि महत्त्वपूर्ण भूमिका खेल्ने बताए ।



तस्वीरः सौजन्य

कार्यक्रममा केन्द्रीय सदस्य ओमबाबू यादव र अरविन्द त्रिपाठीले ओली सरकारले चीनसँग गरेका सहमतिहरूको आलोचना गर्दै चिनियाँ हस्तक्षेपलाई खतरनाक बताएका छन् । उनीहरूले विदेशी प्रभावलाई रोक्न र नेपालको स्वाभिमान जोगाउनुपर्नेमा जोड दिए ।

पर्सा जिल्ला संयोजक बिकाउप्रसाद भण्डारी (थारू)को अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन केन्द्रीय सदस्य राजेश यादवले गरेका थिए ।

## प्रथम निजगढ ...

राजनीतिलगायत राज्यका हरेक क्षेत्रमा जनताको वितृष्णा बढेको बताउँदै उनले सबैले मिलेर वितृष्णा हटाउन जरुरी भइसकेको बताए ।

कार्यक्रममा मधेस प्रदेशसभा सदस्य त्रिलोकी चौधरी, मीना लामा, नेपाल प्रहरी मधेस प्रदेश प्रमुख लालमणि आचार्य, सशस्त्र प्रहरी बल नेपाल मधेस प्रदेश प्रमुख कालीदास धौबजी, उद्योग वाणिज्य सङ्घ मधेस प्रदेश अध्यक्ष अशोक टेमानी, राष्ट्रिय खेलकूद परिषद्का पूर्वसदस्यसचिव युवराज लामा, निजगढ नगर उपप्रमुख सोममाया थिङ, पूर्वनगरप्रमुख सुरेशकुमार खनाल, पूर्वउपप्रमुख लीलादेवी लामिछाने, प्रमुख प्रशासकीय अधिकृत अजय बर्तौला, जीतपुरसिमरा नगर उद्योग वाणिज्य सङ्घका अध्यक्ष मोहन शर्मा, लगायत राजनीतिक दलका प्रतिनिधिहरूको सहभागिता थियो । कार्यक्रममा विभिन्न सङ्घसंस्था, विद्यालयहरूबाट नृत्य, झाँकी प्रदर्शन गरिएको थियो । निजगढ नगर उद्योग वाणिज्य सङ्घका अध्यक्ष दीपेन्द्र श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन भाइकाजी श्रेष्ठ र लक्ष्मी पाण्डे तथा स्वागत उषा लामाले गरेका थिए ।

महोत्सवमा ख्यातिप्राप्त राष्ट्रिय कलाकारहरूको सांस्कृतिक प्रस्तुति रहने र महोत्सव सम्पन्न गर्न करीब एक करोड खर्च लाग्ने बताइएको छ । महोत्सव अढाई लाखभन्दा बढी दर्शकले अवलोकन गर्ने अपेक्षा गरिएको छ । सो महोत्सव माघ २२ गते समापन हुने जनाइएको छ ।

## मिसिङ ...

समुदायको मनोविज्ञानलाई चलचित्रमा समेटेर चलचित्रको कथा तयार गरिएको छ, यसले मधेसको नयाँ पाटोलाई दर्शकमाझ प्रस्तुत गर्छ," उनले भने ।

चलचित्रको अधिकांश दृश्यमा अभिनेता नाजिर हुसेन र अभिनेत्री सृष्टि श्रेष्ठलाई देखाइएको छ ।

## आफ्नै ...

दिनु हुँदैन । भाषा र साहित्यको सेवामा निरन्तर लागिरहँदा यस प्रकारको भावना आउँदा बाटो बिराउने डर हुन्छ । आफूलाई त भाषा र साहित्यको सेवा गर्नुछ, गराउनुछ । त्यहाँबाट निस्कँदा कुनै आफन्तको घरबाट बिदा भएर निस्केको जस्तो मन भारी भएको छ । कस्तो अचम्म, करीब सबैलाई उही अनुभूति छ । यहाँ त यस्तो अनुभव भइरहेको छ कि सबै आफन्तै छौं । सबै आफ्नै छौं । आफ्नै मान्छे र आफन्तहरूको साथमा यात्रा गरेका रहेछौं, आफन्तलाई भेट्न । हुन पनि हो, जसले हामीलाई निमन्त्रण गरेका छन् र जसको विश्वासमा हामी पुग्दैछौं उनलाई कहीं कतै देखे–भेटेका छैनौं । र पनि तानिएका छौं, खिचिएका छौं, पुग्न लालायित छौं, आफन्तै भएको विश्वासमा त हो ।

केही अगाडि बढ्दा एउटा बोर्डमा लेखेको पढ्छु–घटारो । यहींका मानिस त हुन् निम्तो दिने । म्यासेन्जर, मोबाइल नम्बर र ह्वाट्सअप खोज्दा र फोन लगाउँदा घटारोबाट निस्किइसकेका छौं । उनीसित सम्पर्क हुनासाथ भन्छन्–पख्नुस्, म घरै छु । सडकमा आइहाल्छु । आज यतै बस्दा पनि हुन्छ तर म कसैलाई दुःख दिन नचाहने मानिस । भन्छु, भोलि बिहान कार्यक्रम थलोमैं भेटौं । अनि हाजीपुरको लागि यात्रा गरिरहन्छौं । धरतीमा अँध्यारो राम्ररी खसिसकेपछि हाजीपुर रेलवे स्टेशन पुग्छौं । ठीक अगाडि एउटा होटलमा बसोबासको व्यवस्था हुन्छ । आरामले खाना खान्छौं र सुत्ने तर्खर गर्छौं । त्यहाँ आइपुग्छन् दुईजना साहित्यकार तथा पत्रकार । गज्जबको स्वागत छ ।

सुत्नु अघि फेरि लाग्दछ, आफन्तको शहरमा छौं । यहाँको वातावरणमा पनि हामीसित स्नेह रहेछ । राति निदाउनु अघिसम्म सबै कुरो लाग्दछ, योजना अनुसार चलेका छौं । भोलि बिहान उठेर यहाँका केही हेर्नैपर्ने स्थानहरू हेरी कार्यक्रमतर्फ जाने निधो हुन्छ । तीनओटा कोठामा हामी छरिएर एकले अर्कोलाई भन्दछौं, शुभरात्रि !

## सिनेमा ...

ज्ञानेन्द्र वीर विक्रम (जो दुईपटक राजा बनी टोपले) मौन देखिन्छन् । राजा आऊ देश बचाऊ भन्ने पनि शान्त भइसके ।

चलायमान हुन खोज्दा राजालाई थर्काउन र तथानाम भन्न ओली र प्रचण्डहरू तनिक विलम्ब गर्दैनन् । राजनैतिक दल र नेताहरूमा राष्ट्रियता खोज्नु बालुवाबाट तेल निकाल्नुजस्तै भएको छ । अचेल राजनैतिक धरातल त कतिसम्म खस्किसकेको छ भने आम नागरिकहरू बालेन साह, रवि लामिछाने, दुर्गाप्रसादजस्तालाई मुक्तिदाता, तारणहार ठान्न थालेका छन् । मुलुकमा यस्तो विडम्बना त कहिल्यै देखिएको थिएन । राष्ट्रिय ढुकुटी नेताहरूको पेवामा परिणत भएको छ । बिरामी परेको भन्दै ओलीमार्का नेताहरू सरकारी खजानाबाट मोजमस्ती गर्छन् । विनालगानी र मेहनतको अच्छा व्यापार बनेको छ राजनीति । अचेल नेपाली चिकित्सालाई होच्याउँदै ओली, प्रचण्ड, देउवाहरू सर्दी, रुघाखोकी लाग्दासमेत विदेश हानिन्छन्, खजाना मासिदिन्छन् । जनता र मुलुक रुग्ण, दयनीय अवस्थामा पुग्दासमेत यिनले निर्धक्क शाही शासन चलाएको देख्दा मलाई हामी राजा र राणाहरूको प्रजा र रैतिको स्तरभन्दा तल झरेको महसूस हुन्छ । ठूला पार्टीका नेता, कार्यकर्ता र हामी दीनहीन जनताको अवस्था त कबिर दासले भनेझैं भइसक्यो ।

**निर्धन गिरे पहाड से कोइ न पुछे हाल**
**धनीको कांटा लगे, पुछे लोग हजार ।**

समय बलवान है भैया !

## दीनदुःखीलाई ...

घटनाबाट केही सिकेर समाजका दीनदुःखी, गरीब, असहाय व्यक्तिहरूलाई सहयोग गर्ने बानी बसाल्नुपर्छ । हाम्रो एउटा सानो सहयोगले कसैको जीवनमा ठूलो परिवर्तन अथवा राहत ल्याउन सक्छ । हामी सबैले मिलेर यस्तो समाज बनाऔं, जहाँ कोही पनि फालेको खाना खान नपरोस्, न्यानो कपडाको अभावमा चीसोमा रात बिताउन नपरोस् ।

– वीरगंज

### आजको राशिफल

| | |
|---|---|
| मेष – वादविवाद | वृष – यात्रालाभ |
| मिथुन – शत्रुभय | कर्कट – चोरभय |
| सिंह – भयचिन्ता | कन्या – विजय |
| तुला – धनक्षति | वृश्चिक – सुयश |
| धनु – खर्चवृद्धि | मकर – मनोरञ्जन |
| कुम्भ – कर्मप्राप्ति | मीन – अलमल |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

# नगौलमा रक्तदान, १४ जना सहभागी




प्रस, वीरगंज, ११ माघ/

सक्रिय युवा कल्याण सङ्घले शुक्रवार जीतपुरसिमरा उपमहानगरपालिका-६ नगौलमा आयोजना गरेको रक्तदान कार्यक्रममा १४ जनाले रक्तदान गरेका छन्।

कार्यक्रममा सुनीलकुमार गुप्ता, अजय राउत, अनिलकुमार साह, सलमान खान, हलिम मियाँलगायतले रक्तदान गरेको रक्तसञ्चार केन्द्र, वीरगंजका प्रमुख सौरभराज पाण्डेयले बताए।

कार्यक्रममा केन्द्रका जीतेन्द्र कुशवाहाले प्राविधिक सहयोग पुऱ्याएका थिए।

सङ्घका अध्यक्ष नवेद आलम अन्सारीको अध्यक्षतामा भएको कार्यक्रममा प्रदेशसभा सदस्य देवनारायण चौधरी, वडाध्यक्ष सुनीलकुमार गुप्ता, प्रधानाध्यापक राजुकुमार सिंहलगायतको सहभागिता थियो।

# निवृत्तिभरण वञ्चित शिक्षकद्वारा महासङ्घलाई ध्यानाकर्षण



प्रस, वीरगंज, ११ माघ।

निवृत्तिभरण वञ्चित शिक्षक समूह जिल्ला सङ्घर्ष समिति, पर्साले शुक्रवार नेपाल शिक्षक महासङ्घ, पर्सालाई ध्यानाकर्षणपत्र बुझाएको छ।

शिक्षक महासङ्घ, पर्साका अध्यक्ष तीर्थराज यादवलाई ध्यानाकर्षणपत्र बुझाउँदै नेपाल सरकारले जारी गरेको अध्यादेशमा शिक्षकलाई योगदानमा आधारित निवृत्तभरण कोषमा सहभागी गराउने व्यवस्था खारेज गर्न माग गरेको छ। निवृत्तिभरण वञ्चित शिक्षक समूह, पर्साका संयोजक रामबालक यादव नेतृत्वको टोलीले बुझाएको ध्यानाकर्षणपत्रमा अध्यादेशमा गरिएको व्यवस्था विभेदकारी भएको भन्दै खारेजीको माग गरेको हो।

महासङ्घ पर्साका अध्यक्ष यादवले सरकार र शिक्षक महासङ्घबीच विगतमा भएका सबै सम्झौता अक्षरशः ऐनमा नसमेटिएकाले आन्दोलन गर्ने चेतावनी दिए। अध्यक्ष यादवले शिक्षामन्त्री विद्या भट्टाराईले मौखिकरूपमा भन्दैमा शिक्षकहरूले विश्वास नगर्ने बताए।

सरकारले पुस २९ गते जारी गरेको सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१ का केही बुँदा स्वागतयोग्य भएपनि योगदानमा आधारित निवृत्तिभरण कोष ऐनमा थप गरी 'शिक्षक सेवा' भन्ने विषय थप गरेको र सो प्रावधानले २०७५/१२/०४ पछि नियुक्त भएका शिक्षकहरूलाई भूतप्रभावी कानून लागू गर्ने अध्यादेश जारी गर्नु गलत र अन्यायपूर्ण रहेको बताए।

समितिका जिल्ला सचिव बिन्दुभूषण साहले सेवा अवधि अपुग भई निवृत्तिभरणबाट वञ्चित हुने (अस्थायी, राहत, करार) शिक्षकहरूको समेत नपुग सेवा अवधि गणना गरी पुरानै प्रणाली अनुसार निवृत्तिभरणको व्यवस्था लागू गर्न माग गरेका छन्।

# भगवतीटोल सुधारद्वारा कम्बल वितरण




प्रस, वीरगंज, ११ माघ/

वीरगंज महानगरपालिका-४ भगवतीटोलमा शुक्रवार कम्बल वितरण गरिएको छ। बिर्तामाई धर्मशालामा भगवतीटोल सुधार समितिका सल्लाहकार प्रकाश उपाध्यायले टोलका ३० जना गरीब महिला वृद्धाहरूलाई कम्बल वितरण गरेका हुन्। उनले चीसोमा टोलमा रहेका गरीबहरूलाई कम्बल वितरण गरेको बताए। समितिका अध्यक्ष विपत गोसाईंको अध्यक्षतामा भएको सचिव श्याम केसी, पवनकुमार श्रेष्ठ, सुवास भट्टराई, वडासदस्य शर्मा गोसाईं सहभागी थिए।




# जनमत पार्टीद्वारा चोकचोकमा आगोको व्यवस्था

प्रस, वीरगंज, ११ माघ/

जनमत पार्टीनिकट युवा जनमत सङ्घले शुक्रवार वीरगंजका विभिन्न



चोकमा आगो ताप्ने व्यवस्था मिलाएको छ।

वीरगंजको पावरहाउस, घण्टाघर, नयाँ बसपार्क, माईस्थान, महावीरस्थान, नारायणी अस्पताल, इनर्वालगायतका स्थानमा जनमत सङ्घका नेता, कार्यकर्ताहरूले दाउराको जोहो गरेर आगो ताप्ने व्यवस्था मिलाएका हुन्।

जनमत पार्टी, पर्साका अध्यक्ष ओमप्रकाश सर्राफले युवाहरूलाई समाजसँग जोड्दै रचनात्मक र सृजनात्मक गतिविधिमा उत्प्रेरित गर्न यस प्रकारको कार्य गरिएको बताए।

# खेलकूदको संसार

## एनआई कप: ग्लोबल र सेन्ट जेभियर्स विजयी

प्रस, परवानीपुर, ११ माघ/

नारायणी क्रिकेट मैदानमा जारी नेशनल इन्फोटेक कप क्रिकेट प्रतियोगिता अन्तर्गत शुक्रवार दुईवटा खेल सम्पन्न भएका छन्।



डेसिमल कलेज र ग्लोबल बिजनेशबीच भएको पहिलो खेलमा ग्लोबल पाँच विकेटले विजयी भएको थियो। पहिला ब्याटिङ गर्दै डेसिमलले निर्धारित २० ओभरको खेलमा नौ विकेट गुमाएर १११ रन बनाएको थियो। डेसिमलका प्रतीक पुरीले ३१ र धीरज पण्डितले २३ रन बनाए भने ग्लोबलका रोशन यादवले तीन र आदर्श भण्डारीले दुई विकेट लिएका थिए।

प्रतिउत्तरमा ग्लोबलले १६.१ ओभरमा लक्ष्य पूरा गर्दै विजयी भयो। ग्लोबलका शुभम बरालले ३७ र प्रियांशु कर्णले २८ रन बनाए। डेसिमलका प्रतीक पुरीले तीन र अङ्कुश गुप्ताले एक विकेट लिए। यो खेलको 'म्यान अफ दी म्याच' ग्लोबलका शुभम बराल घोषित भए।

दोस्रो खेलमा सेन्ट जेभियर्सले नेशनल एकेडेमीलाई ४० रन अन्तरले पराजित गऱ्यो। पहिला ब्याटिङ गर्दै सेन्ट जेभियर्सले निर्धारित २० ओभरको खेलमा नौ विकेट गुमाएर १३९ रन बनाएको थियो। सेन्ट जेभियर्सका इमरान अन्सारीले ३२ र साजिद अन्सारीले ३१ रन बनाएका थिए।

नेशनल एकेडेमीका विशाल गुप्ता र वीरेन्द्र कानूले तीन/तीन विकेट लिए। नेशनल एकेडेमी १७.१ ओभरमा सबै विकेट गुमाएर ९९ रनमा सीमित भयो। नेशनल एकेडेमीका वीरेन्द्र कानूले २७, अर्जुन यादवले २३ रन बनाए भने सेन्ट जेभियर्सका राजु महतोले पाँच र सागिर मियाँले दुई विकेट लिए। यो खेलको 'म्यान अफ दी म्याच' राजु घोषित भए।

## यू-१९ महिला विश्वकप क्रिकेट : नेपालद्वारा मलेसिया पराजित

काठमाडौं, ११ माघ/रासस

आइसिसी यू-१९ महिला विश्वकप क्रिकेट प्रतियोगिता अन्तर्गत शुक्रवार भएको प्लेअफ खेलमा नेपालले मलेशियालाई पराजित गरेको छ। कप्तान पूजा महतोको उत्कृष्ट खेल प्रदर्शनमा नेपालले मलेशियालाई सात विकेटले हराएको हो।



मलेशियाको जोहर क्रिकेट एकेडेमी ओभलमा नेपालले टस जितेर पहिला फिल्डिङ रोजेको थियो। मलेशियाले १६ दशमलव पाँच ओभरमा सबै विकेट गुमाउँदै ४५ रनको योगफल बनायो। ४६ रनको सामान्य लक्ष्य नेपालले ११ ओभरमा तीन विकेट गुमाएर पूरा गऱ्यो।

नेपालका लागि कप्तान पूजाले अविजित २३ रनको योगदान दिइन्। उनले ३२ बल खेल्ने क्रममा चार चौका प्रहार गरिन्। यसैगरी, ज्योत्सिनका मरासिनले सात र सिमाना केसीले अविजित चार रन जोडे। बलिङतर्फ मलेशियाका लागि मार्सा क्विस्टिना बिन्टी अब्दुल्लाहले तीन विकेट लिइन्।

यस अघि ब्याटिङ गर्ने क्रममा मलेशियाका लागि नुरिमानले सर्वाधिक १५ रन जोड्नुबाहेक अन्य ब्याटरले दोहोरो अङ्कमा रन बनाउन सकेनन्।

बलिङतर्फ नेपालका लागि पूजा महतो एक्लैले चार विकेट लिइन् भने रचना चौधरीले तीन विकेट लिइन्। त्यसैगरी, रिया शर्मा र सिमाना केसीले एक/एक विकेट लिए।

विश्वकपको समूह 'डी'मा रहेको नेपाल यस अघि समूह चरणका तीनवटै खेलमा पराजित भएको थियो। नेपालले स्कटल्यान्ड, अस्ट्रेलिया र बङ्गलादेशसँग हार बेहोरेको थियो। यस्तै, समूह 'ए'मा रहेको मलेशिया पनि समूह चरणमा भारत, श्रीलङ्का र वेस्ट इन्डिजसँग पराजित भएको थियो।

# रक्सौलमा कर्पुरी ठाकुरको जन्मयजन्ती मनायो



प्रस, वीरगंज, ११ माघ/

बिहारका पूर्वमुख्यमन्त्री कर्पुरी ठाकुरको १२१औं जन्मजयन्ती रक्सौलमा मनाइएको छ। त्रिलोकीनाथ मन्दिरनजीक रहेको जनसुराज पार्टी कार्यालयमा शुक्रवार जन्मजयन्ती मनाइएको हो।

कार्यक्रममा पार्टीकी रक्सौल प्रखण्ड अध्यक्ष नेत्री पूर्णिमा भारतीले पिछडिएका वर्गको नेतृत्वकर्ता इमानदार नेता पूर्वमुख्यमन्त्री ठाकुरले बिहारलाई सुन्दर राज्य बनाउने कल्पना गरेको र सोही अनुसार उनको सपना साकार गर्न पार्टीले काम गर्ने बताइन्। कार्यक्रममा पार्टीका सदस्य प्रदीप भारती, आदापुर अनुमण्डल अध्यक्ष प्रदीप कुमार, युवा अध्यक्ष शशाङ्क शेखरलगायतले ठाकुरप्रति श्रद्धाञ्जलि व्यक्त गरेका थिए।

# जनमत पार्टीद्वारा छपकैयामा निश्शुल्क आँखा शिविर



प्रस, वीरगंज, ११ माघ/

जनमत पार्टी, पर्साले वीरगंज महानगर-१ छपकैयामा शुक्रवार निश्शुल्क आँखा शिविर सम्पन्न गरेको छ।

आँखा शिविरमा ११२ जनाको आँखा चेकजाँच भएकामा ४४ जनामा मोतीबिन्दु फेला परेको जनमत पार्टी, पर्साका अध्यक्ष ओमप्रकाश सर्राफले बताए। मोतीबिन्दु देखिएका ४४ जनाको वीरगंज सामुदायिक आँखा अस्पतालमा निश्शुल्क शल्यक्रिया गरिने उनले बताए। शिविरमा आँखा अस्पतालका नेत्र अधिकृत महेशसिंह धामी नेतृत्वको प्राविधिक टोलीले चेकजाँच गरेको थियो।

जनमत पार्टीले विगत केही दिनदेखि पर्सा जिल्लामा निश्शुल्क आँखा शिविर सञ्चालन गर्दै आएको र यो आठौंपटक भएको अध्यक्ष सर्राफले बताए। कार्यक्रममा किशोर कुशवाहा, कृष्णप्रसाद कानू, भोला ठाकुर, रम्भा मिश्र, सञ्जय सिंह, सिकेन्द्र रामलगायतको सहभागिता थियो।